वस्तुगत योजना आवश्यक : शिक्षामन्त्री | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com
वर्ष २५ • अंक २१६ • २०८० साल पुस १८ गते बुधबार (3 January, Wednesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-



## नेपालको एकमात्र रेल धरापमा
# मासिक ५४ लाख बढी घाटा, जीएम स्वार्थमा

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालको एकमात्र रेल सेवा आर्थिक नोक्सानीमा रहेको छ । ५२ किलोमिटर लामो रेल सेवाको मासिक घाटा ५४ लाख भन्दा बढी रहेको छ ।

भारत सरकारले रेलको पूर्वाधार निर्माण गरेपछि नेपाल सरकारले दुईवटा इञ्जिन सहितको रेल खरिद गरेको थियो । रेल २०७८ साल चैत २० गतेदेखि नियमित रुपमा संचालन हुँदै आएको छ । सुरुमा जयनगर-कुर्था सम्म मात्र संचालन हुने रेल पछिल्लो ६ महिनादेखि महोत्तरीको भंगहासम्म सञ्चालन हुन थालेको छ ।



दैनिक दुई पटक जयनगर-कुर्था र एक पटक कुर्था -भँगहासम्म ओहरदोहर गर्ने रेल यात्रुले भरिभराउ हुन्छ । सिट भन्दा कयौं गुणा बढी सवारी उभिएर यात्रा गर्न बाध्य रहे पनि रेल मासिक ५४ लाख भन्दा बढी घाटामा रहेको रेलवे कम्पनीका महाप्रबन्धक निरञ्जन झाले बताए।

रेलवे सञ्चालनको बेलादेखि नै महाप्रबन्धक रहेका झाले दोस्रो कार्यकाल पनि चलाइरहेका छन् । प्रारम्भमा ४९ जना कर्मचारी भर्ना गरिएको रेलवे कम्पनीमा हाल एक सय भन्दा बढी नेपाली कर्मचारी भर्ना भइसकेका छन् । कर्मचारी भर्नामा महाप्रबन्धक जीएमले अनुचित लाभ लिएको आरोप छ ।

दैनिक घाटामा सञ्चालन भइरहेको रेलवेका महाप्रबन्धक झाले भने नियम मिच्दै रेलवेको जग्गा र घर सार्वजनिक सूचना बिना नै बन्दोबस्त गरी मोटो रकम खाने गरेका छन् ।

रेलवेमा अधिकांश कर्मचारी दैनिक ज्यालादारीमा भर्ना गरिए पनि संवेदनशील काममा लगाइएको बताइन्छ । रेलवेको टिकट चेकिंगमा गडबडी र तस्करहरुलाई सहुलियत दिएको आरोप लाग्न थालेको छ ।

५२ किलोमिटरमा सञ्चालन हुँदा झण्डै २ लाख मासिक घाटा भइरहेको रेललाई महाप्रबन्धक झाले अयोध्या लान मन्त्रालयसित स्वीकृत माग गरेका छन् । अयोध्यासम्म रेल लग्न लाखौं घाटा थपिने बताउँदै जानकारहरुले त्यसबाट झालाई फाइदा पुग्ने आरोप लगाएका छन् ।

# पक्राउ पुर्जी जारी भइसकेको व्यक्ति खुलेआम घुम्दै

**टुडे समाचारदाता**

सिरहा । सिरहामा ज्यान मार्ने उद्योग मुद्दामा फरार प्रतिवादी खुलेआम घुमे पनि प्रहरीले पक्राउ गरेका छैनन् ।

कल्याणपुर नगरपालिका-८ मझाउका हेमनी देवी शाहले ज्यान मार्ने मुद्दा दर्तापछि सिरहा जिल्ला अदालतले ३५ दिने पक्राउ पुर्जी जारी गरे पनि कसुरदारहरूलाई प्रहरीले पक्राउ गर्न आनाकानी गरेको छ । हेमनी देवी शाहले दिएको जाहेरीको आधारमा सिरहा जिल्ला अदालतले गत असोज ८ मै पक्राउ पुर्जी जारी गरेको थियो ।

करिब ६ महिना अगाडि कल्याणपुर नगरपालिका ८ मझाउका राम भरोस साह, भोला साहलगायत पाँच जनालाई सामान्य विषयमा झै-झगडा हुँदा ज्यान मार्ने नियतले धारिलो हतियार प्रहार गरी घाइते बनाएको पीडित परिवारको आरोप छ ।




# सहरी जनसंख्या पाँच प्रतिशतले वृद्धि

**टुडे समाचारदाता**

काठमाण्डु । बसाईंसराइका कारण पछिल्लो दशकमा सहरी जनसंख्या करिब पाँच प्रतिशतले वृद्धि भएको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको 'नेपालमा ग्रामीण तथा सहरी क्षेत्रको श्रेणीगत वर्गीकरण प्रतिवेदन'ले राष्ट्रिय जनगणना २०६८ र २०७८ को बीचमा सहरी जनसंख्या २२ दशमलव ३१ प्रतिशतबाट उल्लेख्य बढेर २७ दशमलव ०७ पुगेको देखाएको छ ।

त्यसैगरी सहरोन्मुख जनसंख्या ३९ दशमलव १९ प्रतिशतबाट बढेर ३९ दशमलव ७५ प्रतिशत पुगेको देखिएको छ । पछिल्ला १० वर्षमा ग्रामीण क्षेत्र ३८ दशमलव पाँच प्रतिशतबाट ३३ दशमलव १९ दशमलबमा प्रतिशतमा झरेको देखिन्छ । सहरोन्मुख क्षेत्र भए पनि सहरी क्षेत्र मानिएको स्थानमा अझै पनि जनसंख्याको ठूलो हिस्सा रहेको देखिन्छ ।

खुशिको खबर ! खुशिको खबर !! खुशिको खबर !!!

**कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर (अस्पताल)**

ब्रहमपुरी, जनकपुरधाम-९, धनुषा (नेपाल)
साबिकको जानकी मेडिकल कलेजको सिटी हस्पिटल भवनमा



**डा. हेमन्त कुमार साह**
एन.एम.सी.नं. १५०४०
एम.बि.बि.एस., एम.एस. (न्यूरोसर्जरी)
एम.सी.एच., न्यूरोसर्जरी (टि.यू., आई.ओ.एम.)
**कन्सल्टेन्ट न्यूरोसर्जन**

☞ यहाँ Brain तथा Spinal सम्बन्धित सबै शल्यक्रिया (Operation) आधुनिक मेशिनद्वारा गरिन्छ ।
☞ यहाँ २४ घण्टा ICU तथा Emergency सेवा उपलब्ध छ ।

१) टाउको दुख्नु (Migraine headache) अर्द्धकपारी
२) टाउको, ढाड, हात तथा खुट्टाको समस्या
३) नशा च्यापिनु
४) छारे रोग
५) हात, खुट्टा पोल्नु
६) हात, खुट्टा झमझम गर्नु र कामनु
७) रिंगटा लाग्नु
८) प्यारालाइसिस
९) हिड्दा हुतिनु
१०) पक्षघात (Brain Haemorrhage, Brain Tumor)




टाउको तथा नाशामा चोटपटक लाग्नु सम्बन्धी सम्पूर्ण रोगको लागि एउटै गन्तव्य ।
**सम्पर्क नं. ०४१-५९१०९२, ९८१४०२९७६९**



# आवाज त उठाईन्छ तर कार्यान्वय पक्ष फितलो छ : सांसद यादव



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं धनुषा क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित रामकृष्ण यादवको पनि अन्य सांसदको जस्तै संसद्मा बोलेका विषय कार्यान्वयन नहुने गरेको गुनासो छ।

पार्टी र संसदीय क्षेत्रमा लामो अनुभव सँगालेका उनले संसद्को शून्य, विशेष र आकस्मिक समयमा जनताका आवाज उठाउने काममात्र भएको तर कार्यान्वयन पक्ष फितलो रहेको उल्लेख गरे । विसं २०३४ देखि नेपाल विद्यार्थी सङ्घबाट कांग्रेसको राजनीतिमा प्रवेश गरेका उनले सदनमा उठेका विषय कार्यान्वयनमा सरकारबाट प्रभावकारी भूमिका नदेखिएको बताए।

सदनले आवश्यक मात्रमा कानुन बनाउन नसकेको भन्ने सन्दर्भमा उनले भने, "संसद्मा कानुन बन्ने प्रक्रिया पनि लामो छ, सरकारले पर्याप्त मात्रामा बिजनेस पनि दिन सकेको छैन, अर्को कुरा दलहरूबीच सहमति हुन नसक्दा कतिपय संविधानको कार्यान्वयनसँग जोडिएका महत्त्वपूर्ण कानुन बन्न सकेका छैनन्, यससँगै कतिपय अवस्थामा प्रतिपक्षी दलको अवरोधले पनि संसद्ले सहजरूपमा काम गर्न पाएको हुँदैन।"

विसं २०४६ र त्यसपछिका लोकतन्त्र तथा गणतन्त्रका लागि भएका आन्दोलनमा लोकतन्त्रका लागि विभिन्न सङ्घर्ष गर्नुका साथै र पटक-पटक जेल परेका उनी कांग्रेसमा क्षेत्रीय सभापति, जिल्ला सचिव, जिल्ला सभापति हुँदै पार्टीको १३औं महाधिवेशनदेखि हालसम्म केन्द्रीय सदस्य छन्।

संसद्मा सङ्घीयता कार्यान्वयनका आवश्यक कानुन बन्न नसक्दा प्रदेश र स्थानीय तहले आवश्यक काम गर्न नसकेको तीनै तहका सरकारबीच आपसी समान्वय पनि हुन नसकेको सांसद यादवको भनाइ छ। उनले भने, "स्थानीय तहले कुनै कर्मचारीको सरुवा गर्न वा कर्मचारी चाहियो भनेर केन्द्रमा धाउनुपरेको छ, काम गर्नका लागि कमर्चारी पनि पाएको छैन् । प्रदेशमा पनि त्यस्तै हालत छ। तसर्थ थुप्रै कानुन बनाउनुपर्ने छ। दलहरूबीच सहमति हुन नसक्दा महर्त्वपूर्ण कानुन बन्न सकेका छैनन्।"

दलहरूबीच सत्ता भएका बेला एकथरि धारणा बनाउने र प्रतिपक्षमा भएका बेला अर्को विचार बनाउने समस्याका कारण पनि कतिपय अवस्थामा सदनले प्रभावकारी काम गर्न नसकेको अनुभव सांसद यादवले सुनाए । सत्तामा कसरी टिकिराख्ने भन्ने भावनाले संविधान कार्यान्वयनका लागि आवश्यक कानुन बन्न नसकेको र जनताका अपेक्षा पूरा गर्न नसकेको उनको धारणा छ।

विसं २०१९ मा धनुषामा जन्मेका उनले मुलुकका भ्रष्टाचारका प्रकरण र अनियमितताका विषयमा सत्य, तथ्य छानबिन गरी त्यसमा संलग्न दोषीलाई जो-केही भए पनि कारबाहीको दायरामा ल्याउन सबै दल एकजुट हुनुपर्ने सुझाव दिए। साथै उहाँले भ्रष्टाचार र अनियमितताका सम्बन्धमा सदनमा उठेका विषयमा सरकार गम्भीर हुनुपर्ने र नियन्त्रणका कडारूपमा प्रस्तुत हुनुपर्ने बताए । "तर विडम्बना संसद्मा कुरा उठ्छ तर समाधानमा एकता हुँदैन, कार्यान्वयनमा उदासिनता देखिन्छ", सांसद यादवले भने।

जनताका अपेक्षाअनुसार विकास निर्माण हुन नसक्दा र रोजगारी दिन नसक्दा युवाहरू कामका लागि विदेशिन बाध्य भएकोप्रति चिन्ता व्यक्त गर्दै उनले यो विषयलाई समयमै समाधान गर्न सकिएन भने अहिलेको राजनीतिक व्यवस्थाको भविष्य नै खतरामा पर्न सक्ने उल्लेख गरे।

सांसदको प्रमुख काम कानुन निर्माण भए पनि जनताको अपेक्षा र जनताबीच गरेका वाचा पूरा गर्न पनि सांसदले केही विकास निर्माणका काममा लाग्नुपर्ने बाध्यता रहेको उनको तर्क छ । सांसद यादवले भने, "प्रजातान्त्रिक मुलुकमा जनताले आफ्ना प्रतिनिधिबाट विकास निर्माणको अपेक्षा गरेका हुन्छन् । हरेक जनताले आफ्ना जनप्रतिनिधिबाट बाटो, पुल, स्वास्थ्यचौकी, विद्यालय, खानेपानी, सिँचाइको अपेक्षा गरेका हुन्छन्, सरकारले पनि पूरा गर्न सकेको छैन भने सांसद पनि त्यसमा लाग्नैपर्छ। यसलाई अन्यथा सोच्नु हुँदैन र यस्तो प्रचलन विश्वका धेरै देशमा रहेको छ।" सदनमा केही सांसदले सस्तो लोकप्रियताका लागि गर्ने व्यवहार र शब्द चयनका सन्दर्भमा उनले संदनको मर्यादाका लागि सांसदहरूले विषयवस्तुमा आधारित रहेर सन्दर्भ र यथार्थपरकरूपमा बोल्नुपर्ने सुझाव दिए। जनताका प्रतिनिधिको उच्च थलो जनताबाट चुनिएर राष्ट्रको जिम्मेवारीका साथ आएका सांसदले सधैँ संयमित र अनुशासित भएर बोल्नुपर्ने तथा प्रस्तुत हुनुपर्ने उनको सुझाव छ । संसद्को नियमावलीअनुसार अनुशासित भएर अरुलाई मानमर्दन नहुने गरी सदनको मर्यादा कायम राख्नुपर्ने उनले बताए।

सांसद यादवले आफू सदनमा सधैँ जिम्मवारीपूर्वक प्रस्तुत हुने गरेको र जनतासँग गरेका बाचा पूरा गराउन तथा जनजीविकाका सवाल उजागर गर्नमा सधैँ दत्तचित्त भएर लागेको दाबी गरे। तत्कालीन संविधानसभामा धनुषा क्षेत्र नं २ बाट निर्वाचित उहाँ पहिलो संविधानसभामा हुँदा सार्वजनिक लेखा समितिको सभापति र दोस्रो संविधानसभापछि कृषि विकासमन्त्री भएका थिए।

# निर्वाचनबारे शिर्ष नेताविच छलफल



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र) का शीर्ष नेताबीच आसन्न राष्ट्रियसभा सदस्य निर्वाचन सम्बन्धमा छलफल भएको छ । प्रधानमन्त्री निवास बालुवाटारमा मंगलबार प्रधानमन्त्री एवं एकीकृत माओवादीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', कांग्रेस सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवालगायत शीर्ष नेताहरुबीच राष्ट्रियसभा सदस्य निर्वाचन सम्बन्धमा छलफल भएको कांग्रेस प्रमुख सचेतक रमेश लेखकले जानकारी दिए।

पहिलो चरणमा गठबन्धनका दुई दलबीच राष्ट्रियसभा सदस्य निर्वाचनलगायत समसामयिक विषयमा छलफल भएको र त्यसपछि गठबन्धनका अन्य दलसँग पनि छलफल हुने उनले बताए।

कार्यक्रममा कांग्रेसका उपसभापति एवं उपप्रधानमन्त्री पूर्णबहादुर खड्का महामन्त्री गगनकुमार थापा, प्रमुख सचेतक लेखक र माओवादीका तर्फबाट वरिष्ठ उपाध्यक्ष एवं उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठलगायत नेताहरु सहभागी थिए । राष्ट्रियसभा सदस्यको निर्वाचन आगामी माघ ११ गते हुँदैछ।

# अभियानबाट कार्यकर्तामा उत्साह र जनतामा आशा जगाएको ठहर



**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा (माओवादी केन्द्र)ले पार्टीले सञ्चालन गरेको चारमहिने ' जनतासँग माओवादी रुपान्तरण विशेष अभियान'ले कार्यकर्तामा थप उत्साह र जनतामा आशा जगाएको जनाएको छ।

पार्टी मुख्यालय पेरिसडाँडामा मंगलबार आयोजित पत्रकार सम्मेलनमा माओवादीका प्रवक्ता अग्निप्रसाद सापकोटाले निर्वाचनका समयमा मात्रै नभई अन्य समयमा पनि माओवादी जनताको बीचमा आउँछन् भन्ने अभियानबाट पुष्टि भएको जिकिर गरे।

"अभियान सफल भएको छ, टोल कमिटीदेखि सङ्गठन निर्माण भएका छन्, पार्टी तथा सङ्गठन सक्रिय भएको छ", उनले भने, "पार्टीबाट पलायन हुने क्रम रोकिएर पुराना नेता कार्यकर्ता पुनः जोडिएका छन्, पार्टी प्रवेशको लहर चलेको छ।"

अभियानले पार्टीलाई रुपान्तरण गरेर एकताबद्ध बनाएको उल्लेख गर्दै उपाध्यक्ष सापकोटाले नेता, कार्यकर्ता र जनतामा नयाँ आशा र उत्साह पैदा भएको बताए । "जनताको आशा माओवादी पार्टीसँगै रहेको पाइएको छ, जनताले अभियान निरन्तरताको माग गरेका छन्", उनले भने।

रुपान्तरण अभियानका क्रममा पार्टी, सङ्गठन तथा मोर्चामा रहेको अन्तरविरोध सतहमा आएको जनाउँदै प्रवक्ता सापकोटाले पार्टी विधानअनुसार चल्नुपर्छ भनेर कार्यकर्ताले नेतृत्वको ध्यानाकृष्ट गराएका बताए। "पार्टीको नीति, निर्देशन नेतृत्व तहबाटै कार्यान्वयन हुनुपर्छ भनेर कार्यकर्ताले जोड दिनुभएको छ", उनले भने।

देशव्यापीरुपमा सञ्चालित अभियानको पालिका, निर्वाचन क्षेत्र, जिल्ला र प्रदेश तहबाट बृहद् समीक्षासहित प्रतिवेदन बनाउने तयारी भइरहेको जानकारी दिँदै उपाध्यक्ष सापकोटाले आसन्न केन्द्रीय समिति बैठकमा अभियानका बारेमा समीक्षा हुने बताए।

"पार्टीले पहिचान र पक्षधरतालाई प्रस्ट पार्नुपर्छ भन्ने कार्यकर्ताको मत छ", अभियानका क्रममा कार्यकर्ता र जनताले ध्यानाकर्षण गराएको विषय उल्लेख गर्दै उनले भने, "पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको वर्तमान सरकारले थालेका सुशासन, समृद्धि र सामाजिक न्यायको अभियानलाई थप सशक्त बनाउनुपर्ने जनताको माग छ।"

माओवादी संस्कार र संस्कृतिप्रति पार्टी किन उदासीन भएको हो भनी जनताबाट प्रश्न उठेको उनको भनाइ छ। "संस्कार र संस्कृतिप्रति माओवादीको स्पष्ट र सुझबुझपूर्ण दृष्टिकोण थियो, अहिले उदासीन भएको हो कि भन्ने प्रश्न जनताको तहबाट आएको छ", उनले भने।

फरक प्रसङ्गमा उपाध्यक्ष सापकोटाले वर्तमान सरकारका कामले जनतालाई उत्साहित बनाएको बताए । प्रधानमन्त्री दाहालले आर्थिक विकासलाई प्रमुख ' एजेन्डा' बनाउनुभएको उल्लेख गर्दै उनले कूटनीतिक क्षेत्रमा सरकारले सफलता प्राप्त गरेको बताए।

# रहेनन् प्रजातान्त्रिक आन्दोलनका योद्धा मिश्र



**टुडे समाचारदाता**

जलेश्वर । नेपालको प्रजातान्त्रिक आन्दोलनका योद्धा त्रिपुरारी मिश्रको ५४ वर्षको उमेरमा निधन भएको छ। महोत्तरीको पिपरा गाउँपालिका-३ का बासिन्दा उनको सोमबार राति निधन भएको हो । उनी लामो समयदेखि उच्च रक्तचाप र मधुमेहबाट पीडित थिए।

पञ्चायतकालमा किशोरवयमै नेपाल विद्यार्थी सङ्घमा आबद्ध भएर नेता मिश्रले प्रजातान्त्रिक आन्दोलनमा योगदान गर्नुभएको नेपाली कांग्रेस महोत्तरीका नेता बजरङ्ग नेपाली बताउछन् । विसं २०४६ को जनआन्दोलनले प्रजातन्त्र पुनःस्थापना गरेपछि नेपाली कांग्रेसमा क्रियाशील भएका मिश्रको योगदान अनुकरणीय रहेको नेपाली कांग्रेस महोत्तरीका सभापति नागेश्वर यादव र नेकपा एमालेका जिल्ला अध्यक्ष कालीचन्द्र साहले शोक वक्तव्य प्रकाशन गरेर बताउनुभएको छ। स्वर्गीय मिश्रका पत्नी, एक छोरा र एक छोरी छन्।

# शिक्षामा रूपान्तरण जरूरी रहेको प्रधानमन्त्रीको भनाई

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मुलुकको शिक्षा क्षेत्रको सुधारका लागि शैक्षिक नीति, पाठ्यक्रम र संरचनामा रूपान्तरण जरूरी भएको बताएका छन् । कान्तिपुर एजुकेशन समिट (शैक्षिक बहस) समारोहलाई मंगलबार यहाँ सम्बोधन गर्दै उहाँले शिक्षा क्षेत्रको सुधारका लागि सरकार लागिपरेको बताए।

उनले भने, "नेपालको उच्च शिक्षाले भूमण्डलीकरणको वैश्विक समस्याको सामना गरिरहेको सन्दर्भमा यस्ता कार्यक्रम विचार मन्थनका दृष्टिले मात्र नभएर विश्वभरिका अनुभवको आलोकमा हाम्रो आफ्नो विशिष्टता र मौलिकतासहित नीति निर्माणका निम्तिसमेत गुणात्मक योगदान दिन सक्दछन्।"

शिक्षालगायत राष्ट्रिय जीवनका अधिकांश क्षेत्रमा भूमण्डलीकरणको प्रभाव परिरहेको उनको भनाइ छ । प्रधानमन्त्रीले भने, "भूमण्डलीकरणको प्रत्यक्ष प्रभाव विश्वभरि परिरहेको छ, त्यसमध्ये पनि नेपाल जस्ता विकासशील देशहरूमा यसको बहुआयमिक प्रभाव चुनौतीकै रूपमा विद्यमान छ। यसले साना, स्वतन्त्र र स्वाधीन देशहरूको अर्थतन्त्र, शिक्षा, मनोविज्ञान र सामाजिक संरचनामा नै काफी हदसम्म हेरफेर ल्याएको छ । यो तथ्यलाई गहिरो गरी विचार गर्ने र त्यसका आधारमा हाम्रो शैक्षिक नीति, पाठ्यक्रम र संरचनामा परिवर्तन गरेर मात्र हामीले यो चुनौतीलाई छिचोल्न सक्छौँ।" पछिल्लोसमय नयाँ पुस्तामा देशको शिक्षा गुणस्तरीय छैन, यसले विश्वबजारमा प्रतिस्पर्धा गर्न सक्दैन भनेर नकारात्मक भाष्यको विकास हुँदै गएको र त्यसको प्रत्यक्ष प्रभाव बौद्धिक जनशक्तिको पलायनका रुपमा अभिव्यक्त भइरहेको जनाउँदै प्रधानमन्त्रीले त्यस्तो भाष्यलाई निरुत्साहित गर्नुपर्ने बताए।

रोजगारीका अवसर प्राप्त गरेका नै विदेश पलायन हुनु चिन्ताको विषय भएको प्रधानमन्त्रीको भनाइ छ । उनले भने, "उत्पादकत्वमा कमि, बेरोजगारी लगायतका कारण देशभित्र भविष्य नदेख्ने बाध्यात्मक परिस्थिति एक ठाउँमा छ। तर देशभित्रै रोजगारीको अवसर प्राप्त गरेका र सामाजिक रुपमा समेत प्रतिष्ठित व्यक्तिमा समेत शीघ्रातीशीघ्र सम्पत्ति आर्जनको मोह अनपेक्षित रूपमा बढ्दै गएको छ । यो चाहिँ हाम्रा निम्ति साँच्चिकै चुनौतीको विषय हो।"

# कोशी प्रदेशसभा बैठकबाट विधेयक पारित

**टुडे समाचारदाता**

विराटनगर । कोशी प्रदेशसभाको मंगलबारको बैठकमा 'स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' सर्वसम्मतिले पारित भएको छ।

कोशी प्रदेशको प्रदेशसभा नियमावली, २०७४ (पहिलो संशोधनसमेत) को नियम १०७ बमोजिम मुख्यमन्त्री केदार कार्कीको तर्फबाट आन्तरिक मामिला तथा कानुनमन्त्री शम्शेर राईले सो प्रस्ताव सदनमा पेश गरेका थिए । मन्त्री राईले विधेयकमाथिको छलफलमा उठेका विषयबारे जवाफ दिँदै उक्त विधेयकले सुशासन र जनशक्ति परिपूर्ति गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताए। उनले विधेयकले स्थानीय तहमा न्याय सम्पादन र सूचना प्रणालीलाई व्यवस्थित गर्न पनि मद्दत गर्ने धारणा राखे।

न्याय, प्रशासन तथा विधायन समितिबाट दफावार छलफल भइ आएको सो विधेयकबारे कोशी प्रदेशसभा सदस्यद्वय रेवतीरमण भण्डारी र प्रदीप सुनुवारले आफनो धारणा राखेका थिए।

**शून्य समय**

यसैगरी पर्यटन, वन तथा वातावरणमन्त्री गणेशप्रसाद उप्रेतीले प्रदेशसभाको बैठकमा शून्य समयमा उठेका प्रश्नको जवाफ दिँदै सरकारले आवश्यकता र बजेटका आधारमा काम गर्दै जाने बताए। कोशी प्रदेशको नामकरणको विषयमा उत्पन्न विवाद समाधान गर्न सरकार तत्पर रहेको उल्लेख गर्दै उनले पहिचानवादीसँग सरकार वार्ता गर्न तयार रहेको र यसका लागि आवश्यक गृह कार्य भइरहेको बताए।

मन्त्री उप्रेतीले जङ्गली हात्तीले गरेको हानीनोक्सानीको क्षतिपूर्तिका लागि बनेको निर्देशिकाअनुसार नै हुने तथा जङ्गली हात्तीबाट नागरिकलाई बचाउन अल्पकालीन र दीर्घकालीन उपायबारे छलफल भइरहेको जानकारी दिए।

शून्य समयमा समसामयिक विषयमा प्रदेशसभा सदस्यहरु गीतारानी महतो, बन्दना झाँगर, यशोदा कायस्थ, राधाकृष्ण खनाल, सविना बजगाईं र सृजना राईले प्रश्न गरेका थिए।कोशी प्रदेशसभाको अर्को बैठक यही पुस २४ गते बिहान १० बजे बस्ने उपसभामुख सृजना दनुवारले जानकारी दिए।

## माइग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०८०/०९/११ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : नितिनकुमार साह**
**सिम्बोल नं.: २१७०१६६६**
**रजिष्ट्रेशन नं.:७९२१७०११०७०९**
**ठेगाना:जि.ध. जनकपुरधाम**
**उ.म.न.पा.-१०**
**मो.नं. ९८१७८३५११५**

## माइग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०८०/०९/११ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : शिवम प्रसाद साह**
**सिम्बोल नं.: २१७०२०७७**
**रजिष्ट्रेशन नं.:७९२१७०१११५५**
**ठेगाना:जि.ध. जनकपुरधाम**
**उ.म.न.पा.-१०**
**मो.नं.९८२६८४०६३३**

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रेम प्रसंग, मित्र सुख। |
| बृष | : सुख समृद्धि हुने। |
| मिथुन | : भ्रमण अवसर हुने। |
| कर्कट | : अवसर प्राप्त। |
| सिंह | : वाद विवादबाट बच्नु। |
| कन्या | : पुरस्कार प्राप्त लाभ। |
| तुला | : नयाँ कार्य हुने। |
| वृश्चिक | : बौद्धिक क्षमता। |
| धनु | : प्रतिभा सम्पन्नता। |
| मकर | : शिक्षामा उन्नति। |
| कुम्भ | : पारिवाहिक सुख। |
| मीन | : धन वृद्धि सञ्चय। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



उँटमा बन्दोबस्तीका सामान बोकेर नेपालका विभिन्न तीर्थस्थलको भ्रमण गरी फर्कने क्रममा सुनसरीको इनरुवा आइपुग्नुभएका भारत राजस्थानका तीर्थयात्री। *तस्बिर : रासस*

# नेपालमा हिन्दू अधिराज्य स्थापना गर्नुको विकल्प छैन : राणा

**टुडे समाचारदाता**

गरुडा। हिन्दूराष्ट्रवादी संस्था राष्ट्रिय शक्ति नेपालका केन्द्रीय अभियन्ता मधुकर शमशेर राणाले नेपाललाई हिन्दू राज्य स्थापना गर्नुको विकल्प नरहेको बताएका छन्।



पुराना एवं ठूला राजनीतिक दलका नेताहरुका कारण आम जनता आजित भइसकेको भन्दै राणाले नेपालमा राजासहितको हिन्दू अधिराज्य कायम गर्नुपर्ने बताए।

राष्ट्रिय शक्ति नेपाल जिल्ला कार्य समिति रौतहटले गरुडा नगरपालिकाको विर्ता चोकमा मंगलवार आयोजना गरेको विस्तारित बैठकमा राणाले यस्तो बताए।

नेपाली जनतालाई सबैखाले उत्पीडन, विभेद, अन्याय, अत्याचार लगायतका जस्ता अनेकौ पीडाबाट उन्मुक्ति दिलाउनका लागि नेपालमा राजसंस्था पुनः स्थापना हुनुपर्ने उनले बताए।

ठूला दलका नेताहरु पटक पटक सत्तामा पुगेर देश र जनतालाई लुटने बाहेक अरु केही गर्न नसकेको भन्दै उनले दलका भ्रष्ट एवं नैतिकहीन नेताहरुबाट देशलाई बचाउन राजाको विकल्प नरहेको उनले बताए। उनले भने, 'हामी हिन्दू राष्ट्र कायम हुनुपर्छ भन्ने पक्षमा होइन, किनभने हिन्दू राष्ट्रमा राजा हुँदैन त्यसैले हामी हिन्दू अधिराज्य कायम हुनुपर्ने पक्षमा रहेका छौ।' हिन्दू अधिराज्यमा राजा स्वयम रहने भएकोले आफूहरु हिन्दू अधिराज्य स्थापना गर्नुपर्ने पक्षमा रहेको उनले बताए।

अहिलेका भ्रष्ट नेताहरुका कारण देशमा चरम गरिबी बढनुका साथै व्यापक भ्रष्टाचार, विभेद र बेरोजगारी बढेको उनले बताए। देशमा बढेको बेरोजगारी, अशिक्षा, भ्रष्टाचारको राजनीति अन्त्य एवं आम जनतामाथिको शोषण, दमन, उत्पीडन, विभेद, अन्याय र अत्याचारबाट राजाले नै मुक्ति दिलाउन सक्ने भएको हुँदा नेपालमा राजा आउनुको विकल्प नै नरहेको उनको भनाइ थियो।

राष्ट्रिय शक्ति नेपालका रौतहट जिल्ला अध्यक्ष रामबाबु साह तेलीले राष्ट्र विखण्डन हुनबाट जोगाउन देशमा सनातन पहिचान सहितको हिन्दू अधिराज्य कायम हुनुपर्ने बताए।

जिल्ला अध्यक्ष साहको अध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रिय शक्ति नेपालका केन्द्रीय अभियन्ता मञ्जु थर्पालिया, केन्द्रीय सदस्य त्रिपेस बिक्रम राणा, प्रताप बिक्रम राणा लगाएतका नेताहरुको सहभागिता रहेको थियो।

पूर्व मन्त्री केशर बहादुर बिष्ट अध्यक्ष रहेको राष्ट्रिय शक्ति नेपालले नेपालमा राजा सहितको हिन्दू अधिराज्य र राजसंस्था पुनः स्थापनाका लागि देशभरि विभिन्न कार्यक्रम गर्दै आएका छन्।

# चीनले उपलब्ध गराएको ऋणलाई अनुदानमा रुपान्तरण गर्न अभियानको माग



**टुडे समाचारदाता**

जनकपुरधाम। पोखरा अन्तर र्ष्ट्रिय विमानस्थल निर्माणबाट नेपालको सार्वभौमिकतामा सम्भावित खतरा बढेको भन्दै राष्ट्रिय एकता अभियानले संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किराँतीलाई ज्ञापन बुझाएको छ।

अभियानका केन्द्रीय संयोजक विनय यादवको अगुवाइमा सम्भावित खतराहरु औल्याउँदै सरोकारवालाहरुलाई तीन बुँदे सुझावसहित चार बुँदे आग्रह गर्दै मन्त्री किराँतीलाई ज्ञापनपत्र बुझाएको छ। पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण र नेपालको सार्वभौमसत्तामा सम्भावित खतरा रहेको औल्याउँदै चीनले ऋणको जालो फ्याल्न सक्ने, अस्पष्ट वित्तीय योजना र सार्वभौमिकता को चिन्तालगायतका विषयवस्तु समेटेर सम्भावित खतराहरु ज्ञापनपत्रमा औल्याइएको छ।

त्यस्तै पोखरा विमानस्थल ऋण सम्झौताको पूर्ण विवरण तत्काल सार्वजनिक गर्नुपर्ने, बहुपक्षीय संस्थाहरू, अन्तर्राष्ट्रिय साझेदारी वा स्वदेशी लगानी मार्फत, चिनियाँ ऋणभन्दा बाहिर गएर वित्त पोषणको विविधता बढाउनुपर्ने, सबै पूर्वाधार आयोजनाहरूमा राष्ट्रिय हितलाई उच्च प्राथमिकता दिनुपर्ने, एक असल छिमेकीको नाताले चीनसंग लिएको ऋणलाई अनुदानमा रूपान्तरण गर्नका लागि सरकारसंग आग्रह गर्दै पहल गर्न भनिएको छ।

मन्त्री किराँतीलाई ज्ञापनपत्र बुझाउने क्रममा संयोजक यादव, वरिष्ठ नेता बीपी यादव, महासचिव डा. प्रभात कुशवाहा महिला नेतृ रीता साह, युवा बिभागका संयोजक दिवस पटेल, केन्द्रीय सदस्य चन्द्र यदुवंशी, जीवन साह, सुजन यादवलगायतकाहरुको समेत सहभागिता रहेको थियो।

# लामिछानेद्वारा कान्तिपुरविरुद्ध मुद्दा दायर

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलेकान्तिपुरपब्लिकेसनविरुद्ध काठमाडौं जिल्ला अदालतमा गाली बेइज्जतीसम्बन्धी मुद्दा दायर गरेका छन्।

कान्तिपुरका प्रकाशक कैलाश सिरोहिया, प्रबन्ध निर्देशक सम्भव सिरोहिया, कान्तिपुर दैनिकका प्रधानसम्पादक उमेश चौहानलगायतलाई प्रतिवादी बनाइएको फिरादपत्रमा आफ्नो चरित्र हत्या गर्ने समाचार लेखेको उल्लेख छ। उक्त विवादको आगामी माघ १७ गते सुनुवाइ ताकिएको काठमाडौं जिल्ला अदालतका सूचना अधिकारी चन्द्रप्रसादले पन्थीले जानकारी दिए।

अध्यक्ष लामिछानेले फिरादपत्रमा आफ्नो इज्जत, प्रतिष्ठा, राजनीतिक जीवनमा समेत गम्भीर असर पुऱ्याउने मनसायले जानीबुझी चरित्र हत्या गर्ने गरी समाचा प्रकाशित गरेको उल्लेख गरेका छन्। उत्तः समाचारबाट आफू र आफ्नो परिवारको इज्जत प्रतिष्ठा र राजनीतिमा समेत हानिनोक्सानीभएकालेप्रतिवादीबाट कानुनअनुसार सांडेकेतिकरुपमा एक सय ५१ क्षतिपूर्ति दिलाउन माग गरिएको छ।

# निजी विद्यालयद्वारा आन्दोलनको चेतावनी

**टुडे समाचारदाता**

जनकपुरधाम । निजी विद्यालयका संस्थापकलाई अभद्र व्यवहार गरेको भन्दै कारबाही गर्ने चेतावनी दिएका छन्।

उपमहानगरपालिकाका कर्मचारीले स्थानीय निजी विद्यालयका सञ्चालकलाई अभद्र व्यवहार गरेको भन्दै घोर भर्त्सना गर्दै बुधबार १२ बजेसम्म कारबाही नगरे चरणबद्ध आन्दोलन गर्ने चेतावनी दिएका छन्।

जनकपुरधामउपमहानगरपालिकाका शिक्षा महाशाखाका प्रमुख मेहीलाल यादव र अधिकृत अञ्जु पाण्डेयले हिमाली इंग्लिश बोर्डिंग स्कुलका संस्थापक दीपेन्द्र साहलाई अभद्र व्यवहार गरेको भन्दै तत्काल कारबाही नगरेमा चरणबद्धरुपमा आन्दोलन गर्ने चेतावनी दिएका छन्।

जनकपुरधामउपमहानगरपालिकाका शिक्षा महाशाखाका प्रमुख यादव र अधिकृत पाण्डेयले कुनै पनि कर्मचारी सेवाग्राही दीपेन्द्र साहसंग गरेको अशोभनिय र अमर्यादितरुपमा 'सबै बोर्डिंग स्कुल अनाधिकृत छ, सबैलाई जेलमा कोच्छु' भन्दै अपशब्द प्रयोग गरेकाले कारबाही नगरेमा आन्दोलन गर्ने एनप्याबसन, प्यावसन र हिसानले संयुक्त विज्ञप्ति जारी गरी कारबाहीको माग गरेको छ।

# भाषा परीक्षा विवाद सम्बन्धमा छलफल

**टुडे समाचारदाता**

काठमाण्डु । रोजगार अनुमति प्रणाली (इपिएस) अन्तर्गत कोरियाली भाषा परीक्षाको फारम भर्ने विषयलाई लिएर भएको प्रदर्शनमा दुई जनाको ज्यान गएको घटनाका सम्बन्धमा सरकारले नेपालका लागि दक्षिण कोरियाका राजदूत पार्क तेइयोङसँग छलफल गरेको छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव केवलप्रसाद भण्डारी र नेपालका लागि कोरियाका राजदूत पार्कबीच मंगलबार मन्त्रालयमा उक्त विषयमा छलफल भएको हो। छलफलमा नेपाली टोलीले उक्त घटनाका सम्बन्धमा कोरियाली पक्षलाई जानकारी गराएको थियो।

सो क्रममा पानी जहाज बनाउने (सीप बिल्डिङ)का लागि नेपाली युवालाई फारम भर्न दिने सरकार र अदालतको निर्णयबारे कोरियाली पक्षलाई जानकारी गराइएको श्रम मन्त्रालयका प्रवक्ता राजीव पोखरेलले बताए। नेपाली पक्षले उक्त निर्णयलाई स्वीकार गरेर अगाडि बढ्न कोरियाली पक्षसँग प्रस्ताव गरेको उनको भनाइ छ।

नेपालले राखेका प्रस्तावलाई कोरियाली पक्षले सकारात्मकरुपमा लिएको मन्त्रालयका सहसचिव पोखरेलले जानकारी दिए। इपिएस प्रणालीमा देखिएका विविध समस्यालाई दुई देशको प्राविधिक टोलीले टुङ्ग्याउने उनको भनाइ छ। यसका लागि चाँडै नै प्राविधिक टोलीको बैठक बस्ने बताइएको छ। दक्षिण कोरियाले इपिएस प्रणालीअन्तर्गत विभिन्न १६ वटा मुलुकबाट विदेशी श्रमिक लैजाँदै आएको छ। नेपाली युवाका लागि कोरिया आकर्षक श्रम गन्तव्यका रुपमा छ। कोरियामा रोजगारीका लागि बर्सेनि लाखौं नेपालीले भाषा परीक्षाका लागि आवेदन दिने गरेका छन्। हाल एक लाख ७५ हजार नेपाली नागरिक कोरियन भाषा परीक्षा उतीर्ण गरी कोरिया जाने प्रतीक्षामा रहेको मन्त्रालयले जनाएको छ।

सो अवसरमा कोरियाली पक्षले गत शुक्रबार बालकुमारीमा भएको घटना दुःखद् भएको जनाउँदै कोरिया सरकारका तर्फबाट मृतकप्रति श्रद्धाञ्जलि र परिवारजनमा समवेदन व्यक्त गरेको थियो।

# मुस्लिम बोर्ड नेपालको प्रथम सभा सम्पन्न



**टुडे समाचारदाता**

मलंगवा। जिलान्या मलंगवा सर्लाही बोर्डको प्रथम सभा सम्पन्न भएको छ।

वैठकमा मुस्लिम समुदायको कल्याण र सेवाको दायरा, विभिन्न सरकारी सेवा तथा राजनीतिमा मुस्लिमहरूको सहभागिता, मस्जिद, मदरसा तथा कब्रिस्तानको सुरक्षा र धार्मिक, लगायतका विषयमा इस्लामिक धर्मगुरु तथा बुद्धिजीवीहरूले धारणा राखेका थिए।

वैठकमा नेपाल संघीय समाजवादी पार्टीका अध्यक्ष तथा पूर्व गृह राज्यमन्त्री मोहम्मद रिजवान अन्सारीले मुस्लिमहरू आर्थिक, शैक्षिक, तथा सामाजिक रुपमा पछाडि परेकोको कारण राज्यको विभिन्न निकायमा पहुँच हुन नसकेको बताए। उनले समाजमा आपसी भाईचारा र एकले अर्कोलाई सहयोग र धार्मिक सद्भावको आवश्यकता रहेको बताए।

त्रिभुवन विश्वविद्यालयका प्राध्यापक अब्दुल कयुमको अध्यक्षतामा भएको कार्यक्रममा उद्योग, व्यापार, श्रम तथा उपभोक्ता कल्याण समिति तथा पूर्व सिँचाइमन्त्री तथा सासद अब्दुल खान, सर्लाहीका प्रमुख जिल्ला अधिकारी, मुस्लिम बोर्ड नेपालका प्रवक्ता नेपाल खुला विश्वविद्यालयका अध्यक्ष डा.मोबाशिशर हसन मिस्बाही सहितका सहभागिता रहेको थियो।

# सर्वोच्च अदालतद्वारा सरकारसँग जवाफ माग

**टुडे समाचारदाता**

काठमाण्डु। सर्वोच्च अदादतले जलवायु परिवर्तनसम्बन्धी कानुन बनाउन दिएको परमादेश बमोजिम हालसम्म कानुन नबनाएको जिकिर गर्दै दायर गरेको अदालतमा अवहेलनासम्बन्धी मुद्दामा सरकारसँग लिखित जवाफ माग गरेको छ।

न्यायाधीश बालकृष्ण ढकालको एकल इजलासले मंगलबार जलवायु परि वर्तनसम्बन्धी कानुन किन नबनाएको भन्ने विषयमा सरकारसँग १५ दिनभित्र लिखित जवाफ माग गरेको हो। अधिवक्ता पदमबहादुर श्रेष्ठले सर्वोच्च अदालतले २०७५ पुस १० गते दिएको परमादेशअनुसार सरकारले अहिलेसम्म पनि कानुन नबनाएको उल्लेख गर्दै यही पुस ५ गते अवहेलनासम्बन्धी मुद्दा दायर गरेका थिए।

जलवायु परिवर्तनलाई अनुकुलन तथा न्यूनिकरण गर्ने सन्दर्भमा छुट्टै कानुन निर्माण गरी समस्याको सम्बोधन हुन जरुरी भएकाले जलवायु परिवर्तनसम्बन्धी एकीकृत कानुन यथासीध्र निर्माण गरी लागू गर्नु गराउनु भन्ने अदालतको आदेशमा उल्लेख छ।

# परराष्ट्रमन्त्रीद्वारा पूर्व परराष्ट्रमन्त्रीसँग छलफल

**टुडे समाचारदाता**

काठमाण्डु । परराष्ट्रमन्त्री नारायणप्रकाश साउदले पूर्व परराष्ट्रमन्त्री, पूर्व परराष्ट्र सचिव र भारतका लागि पूर्व राजदूतहरुसँग छलफल गरेका छन्। भारतीय विदेशमन्त्री एस जयशङ्करको नेपाल भ्रमणको पूर्वसन्ध्यामा मंगलबार उनले उक्त छलफल गरेका हुन्। छलफलका क्रममा पूर्व परराष्ट्रमन्त्री, पूर्व परराष्ट्र सचिव र भारतका लागि पूर्व राजदूतबाट नेपाल-भारत सम्बन्धका विभिन्न कार्यसूचीमा सुझाव दिएको मन्त्री सादउले जानकारी दिए।



"उनीहरुले भारतसँगको नेपालको सम्बन्ध महत्वपूर्ण रहेकामा जोड दिँदै सम्बन्धलाई मित्रवत् सुमधुर र पारस्परिक हितमा आधारित साझेदारीका रुपमा अगाडि बढाउँदै लैजानुपर्ने सुझाव दिए" मन्त्री साउदले भने।

छलफलमा बढ्दो व्यापार घाटाका सम्बन्धमा भारतमा नेपालको निर्यात वृद्धिका उपाय पहिल्याउनुपर्ने, विद्युत् व्यापारलाई विस्तार गर्नुपर्ने, क्रस बोर्डर पूर्वाधार सुदृढ गर्नुपर्ने, विगतमा थालिएका विकास आयोजना समयमै सम्पन्न गर्न जोड दिनुपर्ने, हवाई रुटलगायतका विषय सम्बोधन गर्नुपर्ने विषयमा पनि सुझाव प्राप्त भएको उनले बताए।

मन्त्रालयमा सम्पन्न छलफलमा पूर्व परराष्ट्रमन्त्री डा भेषबहादुर थापा, पूर्व परराष्ट्र सचिवहरु मधुरमण आचार्य, अर्जुन थापा, दुर्गा भट्टराई, भरत पौडेल, पूर्व राजदूत दुर्गेशमान सिंहलगायतको सहभागिता रहेको थियो।


## हार्दिक आभार


नेपाल औषधी व्यवसायी संघ धनुषाको मिति २०८०/०९/१४ गते सम्पन्न निर्वाचनमा मलाई अध्यक्ष पदका लागि सहयोग गर्नु हुने सम्पूर्ण आदरणीय जनसमुदाय तथा औषधी व्यवसायी मित्रहरु प्रति हार्दिक आभार प्रकट गर्दै मेरो आसन्न कार्यकालमा समेत सहयोगको अपेक्षा गर्दछु।

धन्यावद !




**प्रमोद अग्रवाल**
अध्यक्ष
नेपाल औषधी व्यवसायी संघ, धनुषा

## हार्दिक बधाई



ख्याती प्राप्त शिक्षण संस्था नेशनल ह्यूमन रिसोर्स डेभलपमेन्ट एकेडमी प्रा.लि.को अध्यक्ष आदरणीय श्री **प्रमोद कुमार अग्रवाल** ज्यूले मिति २०८०।० ९।१४ गतेमा सम्पन्न नेपाल औषधी व्यवसायी संघ, धनुषाको निर्वाचनमा अध्यक्ष पदमा निर्वाचित हुनु भएकोमा यस संस्थाको तर्फबाट हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं।

**NHRDA परिवार**
जनकपुरधाम–८



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# भ्रष्टाचारमा भन्सार कार्यालय

जनकपुर भन्सार कार्यालय भ्रष्टाचारमा तल्लीन छ । धनुषा जिल्लामा भन्सार कार्यालयकै संलग्नतामा व्यापक तस्करी हुने गरेको छ । भन्सार कार्यालयका प्रमुख समेतको संलग्नतामा सीमावर्ती जटही , इनर्वा, भरडिया लगायतका साना नाकाहरुबाट तस्करी निकै बढेको छ । भन्सार कार्यालयका प्रमुखको संलग्नतामा हुने तस्करीको कारण धनुषा जिल्लामा उद्योग, व्यवसायमा नकारात्मक प्रभाव परेको छ । तस्करीको मालसमान आउँदा मूलधारका व्यवसायीहरुले प्रतिस्पर्धा गर्न असमर्थ भएका छन् । भारतीय बजारबाट तस्करी भएर आएका मालसमानहरु नेपाली सीमावर्ती बजारमा मूलधारका व्यवसायीहरुको भन्दा सस्तोमा पाइने भएकाले प्रतिस्पर्धा गर्न नसकेर पलायन हुन थालेका छन् । झण्डै ३० वर्षदेखि कोकाकोलाको डिलर रहेका कौशाल साहले भारतबाट निर्वाध रुपमा कोकाकोला सस्तोमा आउन थालेपछि डिलर छाडेका छन् । साह एकजना उदाहरण मात्र हो । उनी जस्ता दर्जनौ व्यवसायीहरु प्रतिस्पर्धामा टिक्न नसकेर पलायन भएका छन् । व्यवसायीहरुको पलायनको प्रमुख कारण तस्करी बढाउने जनकपुर भन्सार कार्यालय हो । भारतबाट आउने न्यून बिलको आधारमा केही सामानलाई वैध गर्न भन्सार काटिएको देखाइन्छ । भन्सार प्रमुखले जटही लगायतका सबै नाकामा अवैध रुपमा कर्मचारी खटाएका छन् । उनीहरुले भन्सारमा लेनदेन गरी माल नेपाल भित्र्याउन संकेत गरेपछि निर्वाध रुपमा गन्तव्य सम्म आउने गरेको छ । अनेक बलेकियाहरुको माध्यमबाट दैनिक करोड बढीको मालसमानहरु नेपाल भित्र्याइन्छ । अवैध रुपमा माल भित्र्याउने काममा प्रमुख भूमिका जनकपुर भन्सारका प्रमुखको हुने गरेको बताइन्छ । भन्सार प्रमुखले खटाएका कर्मचारीहरु दिनहुँ सबै तस्कर व्यवसायीहरुको सम्पर्कमा हुन्छन् ।उनीहरुले नै असुल गरी सम्बन्धित ठाउँमा रकम बुझाउने गर्छन् । जनकपुरधाममा व्यवसायलाई उकास्न सञ्चालन भएको रेल पनि प्रभावकारी हुन सकेको छैन् । रेल सञ्चालन भए पनि त्यसमा मालसमान बोक्ने बोगी नरहेकाले व्यसायीहरुको मालसमान सडक मार्गबाट नै आउने गरेको छ । मधेश प्रदेशको राजधानीको भन्सार प्रमुखको कमाइ राजधानी जस्तै छ । राजस्वको लक्ष्य नभेटे पनि भन्सार प्रमुखले लक्ष्यभन्दा बढी प्रगति गरेको बताइन्छ । सीमावर्ती क्षेत्रबाट नै सेटिंगमा आउने मालसमानमा भन्सारका कर्मचारीहरुले मोटो रकम असुल गर्दै आएका छन् । स्थलमार्गबाट आउने मालवाहक सवारीहरुका लागि धनुषाको जटही नाका कायम गरिएको छ। तर जटही नाकाबाट अवैध रुपमा मालसमान बढी भित्रिने गरेको छ। भन्सारका प्रमुखसितको लेनदेनमा जनकपुरधाममा कयौं दिन भारतीय सवारी साधन रोकिए पनि एक दिनको छुट पुर्जी दिने गरिएको छ। व्यवसाय र राजस्व दुबैलाई उकास्न जनकपुरधाममा भन्सार कार्यालयबाट भइरहेको अवैध धन्धा बन्द हुनुपर्छ ।

# 'हम जाएगा' र 'नटवरलाल' हरूको हिरोपन्थी

**डम्बर खतिवडा**

सन् १९७० को दशकमा भारतबाट दुई बडो गज्जबका पात्रहरूको चर्चा गफैगफमा सर्दै आएको थियो, पूर्वी नेपालतिर- हम जाएगा र नटवरलाल । त्यो बेला हामी बाल्यकाल र नवकिशोर वय भोग्दैथियौं । आज जस्तो मनोरञ्जनका साधन छ यापछ्याप्ती थिएनन् ।

स्मार्ट फोन र इन्टरनेटको त कुरै नगरौं- टेलिभिजन समेत आइसकेको थिएन । रेडियो थियो तर घरैपिच्छे हैन, सीमित मान्छेका घरमा । एफएमको प्रचलन थिएन । सर्टवेभ र मेडियम वेभमा तिनले पक्रिने र आफूले ढुङ्न सकिने स्टेशन थोरै हुन्थे । रेडियो नेपाल, आकाशवाणी र बीबीसी, नेपाली तथा हिन्दी सेवा आदि ।

सिनेमा घर शहरमा ठूला मात्र हुन्थे । कोशी पूर्वमा धरान, इटहरी र इनरुवामा मात्र थिए । इटहरी जत्तिको शहरमा पनि थिएन सिनेमा हल । बरु यदाकदा 'टुरिङ टौकिज' नामका घुमन्ते सिनेमा घर आउँथे मौसमी रमाइलो मेलामा । गाउँबाट शहरका सिनेमा हल जान महिनौं कल्पेर पैसा जुटाउनुपर्थ्यो । २-३ महिनामा एकपटक मात्र जान सकिन्थ्यो । घुमन्ते सिनेमा घरहरूको कुनै भर हुँदैनथ्यो ।

नेपाली साहित्यको एक त पर्याप्त विकास नै भएको थिएन । मुश्किलले ५०-१०० किताब नाम चलेका हुँदा हुन् । ती पनि आफैं किनेर पढ्न सकिँदैनथ्यो । स्कुल, कलेजमा गतिला पुस्तकालय थिएनन् । गाउँघरमा त्यस्ता किताब पुग्न अनेक संयोग पर्नुपर्थ्यो, शहरमा बस्ने कसैबाट ।

त्यो बेलाको पूर्वी नेपालको अनौपचारिक सम्बन्ध काठमाडौंतिर भन्दा भारतबाट सुरु भएको थियो, पूर्वोत्तर भारततिर बलियो थियो । काठमाडौं देखेका मान्छे विरलै हुन्थे गाउँमा । 'कलकत्ते' का घर गाउँ नै पिच्छे हुन्थे । असम, मणिपुर, मेघालय, पश्चिम बंगालतिर रोजगारको खोजीमा खुबै जान्थे मान्छे । असमका जंगलमा आरा चिरेका, कोइलाखदानमा पहाडमा सपना बेचेर बाण खेलेका, निकाबोर र अन्दमन द्वीपका आदिवासी महिला रूखका बोक्रा लगाएर हिंडेका कथा सुनाउने थुप्रै भेटिन्थे । दार्जीलिङको चर्चा त यसरी हुन्थ्यो मानौं त्यो अर्को धरान हो । त्यसलाई 'नेपालको ७६औं जिल्ला' भनिन्थ्यो ।

स्कुल, कलेजको औपचारिक पढाइलाई छोड्ने हो भने अक्सर चर्चा भारतीय सिनेमा, साहित्य, कथा र मिथमै केन्द्रित हुन्थ्यो । साथीभाइ सर्कलमा गफका विषय नै तिनै हुन्थे ।

त्यो बेलाको त्यस्तो पूर्वी नेपालमा 'हम जाएगा' र 'नटवरलाल' का जोक र किस्सा नसुनेका विरलै युवायुवती थिए होलान् ।

हम जाएगा जोकका पात्र थिए । हँसिमजाक र रमाइलोका लागि प्रयोग हुन्थे । धेरै पछि सुनियो- हम जाएगाको मिथ दार्जीलिङतिरका एक ट्याक्सी ड्राइभर दलबहादुर गुरुङबाट सुरु भएको थियो ।

नटवरलाल भने चलाखीपूर्ण ठगीका लागि नामुद थियो । ऊ सबैको आँखा छल्न सक्थ्यो । साथी, प्रहरी, कर्मचारी, नेता, व्यापारी सबैलाई झुक्याएर ठग्न माहिर थियो । तर, कानुनको आँखाबाट भने बच्थ्यो । सबैलाई थाहा थियो- नटवरलाल ठग हो- तर यस्तो धूर्त ठग जसलाई कसैले केही गर्न सक्दैनथ्यो । प्रहरीले पक्रिहाल्यो भने कि त कस्टडी र जेलबाटै भाग्छ कि त अदालतले बाध्य भएर छोडिदिन्छ किनकि उसले ठगी र अपराधको कुनै प्रमाण नै छोड्दैनथ्यो ।

नटवरलालको ठगी कथा यति बलियो थियो कि उसले ताजमहल, लालकिल्ला, भारतको संसद् भवन र राष्ट्रपति भवन नै बेचेको थियो, त्यो पनि बारम्बार । ऊ हजारौं मान्छेको नक्कली सही वैज्ञानिक परीक्षणबाट पनि छुट्टिन नसक्ने गरी जस्ताको तस्तै गर्न सक्थ्यो । सन् १९७९ तिर एक हिन्दी सिनेमा नै बनेको थियो- मिस्टर नटवरलाल । यसमा नटवरलालको भूमिका अमिताभ बच्चनले गरेका थिए ।

धेरैपछि थाहा भयो, यो मिथलेशकुमार श्रीवास्तव नामका एक बिहारीबाट सुरु भएको किस्सा थियो । दलबहादुर गुरुङ जस्तै मिथलेशकुमार श्रीवास्तव पनि वास्तविक व्यक्ति थिए ।

हर्क-बालेनको अराजकता र बचकनापन, रवि लामिछानेका एकपछि अर्का धारावाहिक स्क्यान्डलहरू हेर्दा लाग्छ- 'हम जाएगा' को जस्तै 'नटवरलाल' को सबैले बिर्सिसकेको किस्सा फेरि फर्केर आएको त हैन ? 'हम जाएगाको परिहास' अन्त्य हुन लागेर सिनेमा अब 'धूर्तहरूको हिरोपन्थी' तिर त गइरहेको छैन ?

कथा, परिकथा, हास्य र श्रुतिहरूको प्रभाव मान्छेमा यति बलियो हुन्छ कि खास बिन्दुका पुगेर ती 'हिरो' जस्तो लाग्न थाल्दछन् । कथा सुन्दासुन्दै श्रोताको मस्तिष्कमा तिनको हिरोपन्थीले घर गर्न थाल्दछ । जसरी कि हाम्रो समयलाई हम जाएगा र नटवरलालहरूको हिरोपन्थीले गाँजेको थियो । विरलै त्यस्ता युवा हुन्थे- जो हम जाएगा र नटवरलालको जस्तो हिरोपन्थी गर्ने सपना देख्दैनथे । मनमनै वा सपनामा बारम्बार आफैं हम जाएगा र नटवरलाल बन्दैनथे ।

यी किस्सा स्मरण गर्नुको अर्थ- कताकति लाग्छ कि आज हाम्रो राजनीति, समाज, राष्ट्र र अर्थतन्त्र नयाँ-नयाँ हम जाएगा र नटवरलालहरूको मिथ र हिरोपन्थीले खाइरहेको त छैन ? कतै हम जाएगा र नटवरलालहरूलाई आदर्श मान्ने सोच र सपना हाम्रो 'मास हिस्टेरिया' को मुहान त हैन ? हाम्रो दुर्भाग्यको दुश्चक्र त हैन ?

जनता र मतदाताले उसलाई ? यो यति धेरै अप्ठ्यारो प्रश्न हो, जसको उत्तर दिन कसैलाई सजिलो हुँदैन ।

अक्सर मनोविश्लेषक भन्छन् कि सत्यनिष्ठा र विवेकसम्मत सोच मान्छेका आदर्श हुन्, यथार्थ हैनन् । मान्छे यथार्थमा एक कथा नै हो । एक स्टोरी, एक मिथ, एक परिहास र एक कमेडी नै हो, चाहे त्यसले ल्याउने परिणाम जस्तोसुकै गुणस्तरहीन र त्रासदीपूर्ण किन नहोस् ! मानव मस्तिष्कमा खेल्ने तरंगबीच सोचको वैज्ञानिकता र विवेक उसका पूर्वाग्रह, अहं र स्वार्थबाट मुक्त छैन ।

मान्छे ती चिज चाहन्छ जसले उसलाई स्वाद, मज्जा र आनन्द दिन्छ । बदला र प्रतिशोधको चाह पूरा हुन्छ । ग्यालिलियो, न्यूटन, आइन्स्टाइन र हकिन्स त कति जन्मिन्छन् र संसारमा ? जरूरी छैन कि मान्छेले तिनै चिज चाहन्छ जो विज्ञानसम्मत, विवेकसम्मत र सत्यनिष्ठायुक्त छ ।

राजनीति खासमा के हो ? जसरी हुन्छ सत्ता कब्जा गर्नु, चुनाव जित्नु, पदमा पुग्नु, सरकारी गाडी चढ्नु, सलोट खानु र शान झार्नु ? कि राष्ट्र निर्माण गर्नु ? 'सत्ता कब्जा' र 'राष्ट्रनिर्माण' को 'डाइकोटमी' मा हाम्रा 'हम जाएगा' र 'नटवरलाल' हरू कहाँ छन् ?

तर, मलाई लाग्छ कि यो मानव मनोविज्ञानको एउटा पाटो अवश्य हो, समग्र सत्य हैन । अहं र आत्ममोहभन्दा बाहिर पनि मान्छेको संसार छ । रुढी, अन्धता, जडता र पूर्वाग्रहभन्दा बाहिर पनि मान्छेको औचित्य छ । इन्द्रियजन्य स्वार्थ, भोग र कामनाभन्दा




'पपुलिज्म' को विश्व प्रवृत्ति यति छिट्टै र यति दर्दनाक ढंगले नेपाल पस्ला भनेर एकदशक अघिसम्म कसले कल्पना गरेको थियो ? 'डेमागग' शब्द शब्दकोशमा शताब्दीऔंदेखि थियो तर, त्यो त्यतिखेर मात्र विश्व राजनीतिमा चर्चित भयो जब अमेरिकामा ट्रम्पको उदय भयो ।

ट्रम्प चौतर्फी नैतिक तथा कानुनी संकटको घेरामा छन् अहिले । तर, आगामी राष्ट्रपति निर्वाचनका लागि रिपब्लिकन पार्टीका तर्फबाट सम्भावित उम्मेदवार अहिलेसम्म उनी नै मानिन्छन् । गत राष्ट्रपति चुनावको हारपछि उनले आफ्ना समर्थकलाई संसद् भवन क्यापिटोल हिलमा आक्रमण गर्न सार्वजनिक आह्वान गरे, विना लज्जा र भय । त्यो दंगा र तोडफोडमा संलग्न भएबापत अहिले पनि एक हजार बढी अमेरिकी जेलमा छन् । उनी भने अझै दक्षिणपन्थी स्वच्छन्दतावादका हिरो छन् ।

राजनीतिमा उदित पात्रहरूको चरित्र हेर्दा एक ठूलो विरोधाभास देखिन्छ । अमेरिका त्यही देश हो- जहाँ विश्व राजनीतिमै अब्बल र आदर्श मानिएका जर्ज वासिङ्गटन, थोमस जेफरसन, अलेक्जेन्डर हेमिल्टन, अब्राहम लिंकन, फ्रांकलिन डिलानो रुजबेल्ट, जोन एफ. केनेडी जस्ता राष्ट्रपति कुनै बेला उदाएका थिए ।

निक्सन, आइजेनहावर, कार्टर, रेगन, क्लिन्टन, ओबामा जत्तिका मध्यम लोकप्रियता र क्षमतास्तरका राष्ट्रपति त कति हो कति ? फेरि त्यही देशमा ट्रम्पजस्तो मान्छे किन राष्ट्रपति बन्न सक्छ ? किन मन पराउँछन्

बाहिर पनि मान्छेको अस्तित्व हुन्छ ।

कुरा कति मात्र हो भने- राग, वैराग र वितरागको चक्र अनन्त छ । यो अनन्त र अनित्य संसारमा कतिखेर कुन प्रवृत्ति हावी हुन्छ, कतिखेर कुन प्रवृत्तिले अर्को प्रवृत्तिमाथि विजय हासिल गर्दछ कसैले ग्यारेन्टी गर्न नसक्ने रहेछ ।

त्यसैले भनिएको होला मानव चोला सोचे जस्तो सुन्दर संसार बनाउनका लागि हैन, भोगे जस्तो जीवनको कथा लेख्नका लागि मात्र हो ।

तथापि, २०६० को दशकसम्म हाम्रो राजनीति सत्यनिष्ठायुक्त र विवेकसम्मत थियो-थिएन त्यो भन्ने कुरा त वैचारिक नै थियो । निश्चित बाटो र कार्यभारमै हिंडेको थियो । जनआन्दोलन २०६२/६३ कुनै खेलाँची थिएन । बृहत् शान्ति सम्झौता, सेना समायोजन र दशक लामो सशस्त्र द्वन्द्वको अन्त्य कुनै खेलाँची थिएन । मधेश विद्रोह कुनै खेलाँची थिएन ।

२००७ सालको लोकतान्त्रिक बिहानीसँगै साँचिएको संविधानसभाको चुनावको सपना करिब ६ दशकपछि पूरा हुनु कुनै खेलाँची थिएन । 'हामी सार्वभौम जनता' बाट पहिलो पटक संविधानको प्रस्तावना लेखिनु कुनै खेलाँची थिएन ।

हजारौं वर्षदेखि राजतन्त्रात्मक, वंशवादी, पारिवारिक शासनअन्तर्गत रहेको दैवीशक्तिको सिद्धान्तमा विश्वास गर्ने सामन्ती राज्य संघीय लोकतान्त्रिक गणतन्त्रमा रुपान्तरण भई सामाजिक सम्झौताको सिद्धान्तमा विश्वास गर्ने बन्न पुग्नु कुनै खेलाँची थिएन ।

हाम्रो दुर्भाग्यको सुरुवात भएको हो- पहिलो संविधानसभाको विघटनबाट । र, त्यो ओरालो यात्रा अद्यापि जारी छ । दोस्रो संविधानसभाको पृष्ठभूमि र निर्वाचन नै बडो संदिग्ध थियो । खिलराज रेग्मी नामका एक अनपेक्षित पात्र प्रचण्ड नामका अर्का तत्कालीन विद्रोहको मुखारविन्दबाट फुत्त निस्केर सिंहासनमा टुप्लुक्क बस्न आइपुगे, जुन दृश्य हाम्रो विवेक, वैज्ञानिकता र सत्यनिष्ठाभित्र कतै थिएन । पहिलोभन्दा दोस्रो संविधानसभा धेरै पश्चगामी र यथास्थितिवादी बनेर आयो ।

र २०७० को दशकबाट सुरु भयो 'हम जाएगा राजनीति' । त्यतिन्जेलसम्म गिरिजाप्रसाद-सुशील कोइरालाको ठाउँ शेरबहादुर देउवाले र माधव नेपाल-झलनाथ खनालको ठाउँ केपी शर्मा ओलीले लिइसकेका थिए । देउवा र ओली दुवै २०६० को दशकको घटनाक्रमका मूल पात्र थिएनन्, किनाराका साक्षी मात्रै थिए ।

तर, प्रचण्डको ठाउँ भने कसैले लिन पाएन, न बाबुरामले न मोहन वैद्यले । २०६० को दशकका प्रचण्ड २०७० को दशकमा आफैं विघटित भएर 'पुष्पकमल' भइसकेका थिए । र यो नयाँ अवतार उनले आफैं सहर्ष स्वीकार गरे । जनयुद्धमा पोखिएको रगतको रातो रंगमा चोपिएको बाघ 'संसदीय विकृति र अवसरवादको राजनीति' मा चोबलिएर आफैंले 'स्याल चोला' स्वीकार गर्ने भइसकेका थिए त अरू कसको के लाग्थ्यो ?

र, २०७० को दशकमा 'हम जाएगा राजनीति' को टिम बन्यो- ओली, देउवा र दाहालको । शब्दकोशमा थन्किएको 'पपुलिज्म' र 'डेमागग' ट्रम्प युगको अमेरिकामा फर्किए जस्तो हाम्रो पुस्ताले बिर्सिसकेको 'हम जाएगा' को मिथ फेरि फर्केर आयो । ओली युगको परिहास यति बलियो थियो कि कमेडियन आफ्नो पेशा संकटमा पर्न थालेको अनुभूतिले चिन्तित थिए ।

वाम गठबन्धन र नेकपा (नेकपा) नामको कमेडी क्लबमा करिब ४ वर्ष ओली-दाहाल नाटक र नौटंकी खुबै जम्यो, खुबै चल्यो- एकपछि अर्को हाउसफुल शो, त्यो बेलाका टुरिङ टौकिजमा हुने मध्यरातको 'एक्स्ट्रा शो' जस्तो । भनिरहनु परेन कि त्यो बेला मध्यरातको शोमा कस्ता सिनेमा देखाइन्थे र किन हाउसफुल हुन्थे ।

'हम जाएगा राजनीति' को युगमा सबै थोक भयो । घरघरमा ग्याँस पाइप पुग्यो । हिन्द महासागरमा पानीजहाज चल्यो । केरुङ-काठमाडौं-पोखराको रेल बेनी पुग्यो र कुश्माना स्टेशन बन्यो । काठमाडौंमा ५ वर्षभित्र मोनो र मेट्रो दुवै रेल चले । चीनको समुद्र हुँदै नेपालले कुस्त अन्तर्राष्ट्रिय व्यापार गर्‍यो । बाहुनडाँगी र दुल्लुमा तेलका कुवा बने । नेपाली नागरिकको प्रतिव्यक्ति आय ५ हजार डलर पुग्यो ।

हम जाएगा राजनीति राम्ररी नतुरिँदै आज अर्को जोखिम बढेको छ- नटवरलाल राजनीतिको । हर्क-बालेनको अराजकता र बचकनापन, रवि लामिछानेका एकपछि अर्का धारावाहिक स्क्यान्डलहरू हेर्दा लाग्छ- 'हम जाएगा' को जस्तै 'नटवरलाल' को सबैले बिर्सिसकेको किस्सा फेरि फर्केर आएको त हैन ? 'हम जाएगाको परिहास' अन्त्य हुन लागेर सिनेमा अब 'धूर्तहरूको हिरोपन्थी' तिर त गइरहेको छैन ?

राजनीति खासमा के हो ? जसरी हुन्छ सत्ता कब्जा गर्नु, चुनाव जित्नु, पदमा पुग्नु, सरकारी गाडी चढ्नु, सलोट खानु र शान झार्नु ? कि राष्ट्र निर्माण गर्नु ? 'सत्ता कब्जा' र 'राष्ट्रनिर्माण' को 'डाइकोटमी' मा हाम्रा 'हम जाएगा' र 'नटवरलाल' हरू कहाँ छन् ?

म र सायद म जस्ता धेरै मान्छे अझै यो बुझ्दैनौं कि 'हम जाएगा' र 'नटवरलाल' हरूले नै राष्ट्र निर्माण गर्ने भए इतिहासमा महात्मा गान्धी, नेल्सन मण्डेला, जर्ज वासिङ्गटन, अब्राहम लिंकन, फ्राङ्कलिन डि.रुजबेल्ट, जवाहरलाल नेहरू, डा. राजेन्द्रप्रसाद, डा. भीमराव अम्बेडकर, बीपी कोइराला, गणेशमान सिंह र मनमोहन अधिकारीहरू किन जन्मिन्थे ?साभार : अनलाइन खबर

# महिला हिंसामा निरिह महिला



**अर्चना गुप्ता र विष्णु भण्डारी**

**प्रतिनिधिपात्र १**

ओखलढुंगा जिल्ला, मानेभन्ज्याङ गाउँपालिका केतुके निवासी वर्ष ३० कि मिना खत्री (नाम परिवर्तित), उनको विवाह भएको १० वर्ष भएछ, तर विवाहको ६ महिना पछि उनलाई श्रीमान् पक्षले हेला गर्न थाल्यो । श्रीमान् विदेश गएपछि खर नफर्केको र काठमाण्डौमा विवाह गरी छोरी समेत पाएको भन्ने खबर आयो। उनलाई गालीगलौज गर्ने खान लाउन नदिने गरेपछि उनी माईत गईन, ज्याला मज्दुरी गरी आफ्नो गुजारा चलाउने गरेकी छन्। उनले पटकपटक स्थानिय तह, प्रहरी कार्यालयमा र सिडियो कार्यालय समेत धाउदा पहिले गर्छु भनेपनि पछि काठमाण्डौ जानुस भन्दै उम्किएको उनले बताईन्।

समाजको अलिहुने खाने वर्गमा परेको श्रीमान् पक्ष विरुध्दमा लडन नसकेको बताईन्।

**प्रतिनिधिपात्र २**

कमला पुडासैनि (नाम परिवर्तित) मानेभन्ज्याङ हर्कपुरकि उनी ४२ वर्षकी भईन, २ सन्तान मध्ये एक विवाहित छोरीकी आमा हुन। उनका पतिले तिनवटा विहे गरेका छन उनि जेठी हुन, आर्मी समेत रहेका उनका श्रीमान् ले अरु विवाह गरेपछि खान लाउन नदिने, श्रीमाति र सन्तानको हेरचार नगर्ने शिक्षा दिक्षामा खर्च नगर्ने हुदा उनले पुल बढारेर जिवन यापन तथा सन्तानको शिक्षा दिक्षा गरिन, हाल आएर उनका श्रीमान् ले उनलाई सम्बन्ध विच्छेदको मुद्दा हाले।

सामाजिक संरचना र विवाहित छोरी भएका कारण उनलाई सम्बन्ध विच्छेद गर्न मन छैन। उनी भन्छीन एक्ली अवला सम्बन्ध विच्छेद गरेकी महिलालाई बाच्न दिन्न यो समाजले।

**प्रतिनिधिपात्र ३**

मनकुमारी राई (नाम परिवर्तित), उमेर २५, मानेभन्ज्याङ ५ , दिर्घकालीन रोगबाट ग्रसित थिईन। उनको एक छोरी थिइन्। डाक्टरले उनलाई यो रोग व्यवस्थापन नभएसम्म अर्को गर्भ धारण नगर्न र गर्भ रहेमा उनको ज्यान जोखिममा पर्ने सल्लाह दिएको थियो। केही वर्ष पछि उनको परिवारले छोरा पाउन कर गर्न थाल्यो, अर्को गर्भ बस्यो र छोरालाई जन्म दिने क्रममा उनि बेहोस भइन् र हाल प्यारालाइसिसबाट ग्रसित भइ ह्विलचेयरमा बाकी जिवन बिताई रहेकी छिन्। यो घटनाले महिलाको पाठेघर व्यक्तिगत नभई परिवार र समाजको उद्देश भन्ने देखाउछ।

न्यायमा पहुँच अभिवृद्धि तथा कानुनी सचेतनालागि नेपाल सरकार कानुन न्याय तथा संसदिय मामिला मन्त्रालय अन्तर्गत संसाथागत सुधार मार्फत न्यायमा पहुच अभिवृद्धि (ब्द०) परियोजना -२ र पूर्वाञ्चल विश्वविध्यालय कानुन संकाय र मानेभन्ज्याङ, गाउँपालीकाको सहकार्यमा संचालन गरीएको ३० दिने कानुनी सचेतना कार्यक्रम र महिला हिंसा विरुध्द १६ दिने अभियानमा देखा परेका महिला हिंसाका अनेकन स्वरुपका यि केही प्रतिनिधि मुलक महिला हिंसाका उदाहरण हुन।

यो कार्यक्रम मानेभन्ज्याङ गाउँपालीकाको प्रत्येक वडामा सञ्चालन गरिएको थियो जसमा ८८६ जनाको प्रत्यक्ष सहभागिता थियो। जसमा महिला ६३२ र पुरुष २६४ थिए। यो सचेतना कार्यक्रम सञ्चालन गर्नु अघि न्यायिक समितीको ३ आर्थिक वर्ष ७८/७९ मा १८, ७९/८० मा ४५ र ८०/८१ को मंङ्सिर सम्म १८ विवाद दर्ता भएकोमा कुल ८१ विवाद मा २० ओटा गाली गलौजका रहेका थिए। सो भएबाट यस्ले महिला माथि हुने सामाजिक हिंसालाई देखाउन्छ।

यस कार्यक्रम अन्तर्गत गरिएको सूक्ष्म अध्ययनले हाल कानुनले वर्जित गेरेको बहुविवाहको समाजला यथावत र कानुनले वर्जित गर्नु अगाडी भएको बहुविवाहले निम्तयाएको महिला हिंसा को विक्राल स्वरुपलाई देखाएको छ। यस किसिमका महिला हिंसाका स्वरुपले महिलाले कानुनी प्रवधानको अधिकार प्रयोग गर्न नपाएको, आर्थिक विपन्नता र पर निर्भरताका कारण महिलाले आफूलाई हिंसामा बानी पारेको प्रष्ट देखीन्छ। देशमा उपलब्ध रहेका कानुनी उपचार प्राप्त गर्न प्रकृया बारे जानकारी नभएको र आर्थिक रुपमा कानुनी उपचार प्रप्तगर्न सबल नभएको अवस्थालाई परिवारले महिलाको कमजोर आर्थिक सामाजिक स्थितिको असंवेदनशिल ढङ्गले फाईदा उठाएको प्रष्ट देखिन्थ्यो।

पुरुषका बहुविवाहका असिनले ग्रामिण महिलालाई चुटेकै छ। अर्को विवाह गर्न कै निमित्त सम्बन्ध विच्छेद गर्न दवाव मा महिला छन र सम्बन्ध विच्छेद पछिको सामाजिक अवहेलना को पिडा भन डरलाग्दो छ। केही महिला वर्षौ देखी श्रीमान् को बहुविवाह पछि पनि चुपचाप दसा भै बुहार्तनमा जिनी खेर फालेका छन जसमा न कुनै मौलिक हक अधिकार छन न कुनै प्रजन्न अधिकार नै।

विगतका केही दसक देखी परिमार्जित कानुन महिला मैत्री छन भनिएपनि कानुनको पहुचमा ग्रामिण महिला र सर्वसाधारण महिला पुग्न नसकेको अवस्थाका कारण परिवार र समाजले महिलालाई निरन्तर वर्षौ देखी अन्यायमा रही रहन बाध्य पारेको देखीन्छ। १४६ दशमलव ६१ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यो गाँउपालिकामा २०७८ को जनगणना अनुसार १९,५९७ जनसंख्या रहेको छ। जसमा १०,२१७ (५२.१%) महिलाको जनसंख्या र ९,३८० पुरुषको जनसंख्या रहेको छ। यसरी महिलाको जनसंख्या धेरै रहेको र महिलाले चलाएको समाजमा महिला हिंसा उत्तिकै छ कतिले आफ्नो हक अधिकार पनि बुझेका छैनन्। महिला निरक्षर भएपनि उनीहरुलाई भोट कसरी हाल्ने सिकाईन्छ तर अन्यायको निरिहता भन्दा न्यायको लडाइको सङ्घर्ष रोज्नु भनेर सिकाईदैन यो भन्दा ठूलो कपट महिला माथि अरु के होला ? कानुनमा कितावमा महिला अधिकार र न्यायका कुरा लेखेर त्यै पुरातन जिम्मेवारीमा राज्य बसिरहन मिल्दैन, कानुन मा भएका निशुल्क कानुनी सहायता सम्बन्धी प्रवधान बुझाएर मात्र पनि पुग्दैन। ति महिलाहरु अदालत समेत पुग्ने आट र आर्थिक संयन्त्र पनि जुटाउनु पर्छ अनि बल्ल हुन्छ महिलाको न्यायमा पहुँचता।

# खेलकुदले अनुशासित बनाउछ : राष्ट्रपति



**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले कक्षाकोठाको शिक्षाले विद्यार्थीको आँखा र मस्तिष्क खुलाउने र खेलकुदले मस्तिष्क, हातखुट्टा एवं मनलाई क्रियाशील तथा अनुशासित बनाउने बताएका छन् ।

काठमाडौंमहानगरपालिकाद्वारा मंगलबार यहाँ आयोजित तेस्रो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उद्धाटन समारोहलाई सम्बोधन गर्दै उनले भने, "अतिरिक्त क्रियाकलाप र खेलकुद शिक्षालाई पूर्ण बनाउने र विद्यार्थीमा सीप, ज्ञान, सामाजिक मूल्यको आर्जन र कार्य तत्परता विकास गर्ने खुला मैदान हुन् ।"

राष्ट्रपति पौडेलले शिक्षा र खेलकुद एक सिक्काका दुई पाटा भएको बताउँदै शिक्षण सिकाइ विद्यार्थीका लागि शरीरमा मुटुजस्तै र शिक्षण सिकाइमा खेलकुदको समाविष्टता स्वनिर्भरता र सशक्तीकरणको प्राण भएको बताए । उनले भने, "खेलकुदकै माध्यमले युवा विद्यार्थीले आफ्नो आत्मविश्वास, सकारात्मक अनुभूति र प्रतिभाको विकास गर्न सक्छन् । खेलकुद क्षेत्रको विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तीन तहबाट यसमा यथेष्ट प्रयत्न होऊन् भनेर म सम्बन्धित निकायको ध्यानाकर्षण गराउन चाहन्छु ।"

राष्ट्रपति पौडेलले पुस्तक र विद्यालयको सीमाको सिकाइले मात्र विद्यार्थीलाई पूर्ण बनाउन नसक्ने भन्दै यसका लागि परिवार, समाज र परिवेश समावेश हुने, खुला गरेर सिक्ने तथा गरिखाने पुस्तकविहीन शिक्षा आवश्यक रहेको बताए ।

विद्यार्थी शिक्षामा निरन्तर अग्रसर हुँदा उनीहरूमा नयाँ विचार र नवप्रवर्तन क्षमता पनि विकास हुने उनले स्पष्ट पारे । उनले भने, "खेलकुदले युवालाई शारीरिक रूपमा स्वस्थ र कामका लागि तयार बनाउँछ । यो उनीहरूलाई ऊर्जा, सजीवता र सामर्थ्य दिने माध्यम तथा स्वास्थ्य ठीक राखी शिक्षामा अग्रसर हुने र आफ्नो जीवनमार्गमा सफल बनाउने कारक पनि हो ।"

राष्ट्रपति पौडेलले खेलकुदले सामाजिक जीवनलाई समृद्धिपूर्ण बनाई सांस्कृतिक अनुभूति प्रदान गर्ने उल्लेख गर्दै खेलकुदमा भाग लिने विद्यार्थी एकअर्काप्रति सहयोगी भई सामूहिक प्रयत्न र सामाजिक भावनातर्फ अग्रसर हुनसक्ने बताए । उनले भने, "यो परिवार, समाज र राष्ट्रलाई समृद्ध बनाउने असल मार्ग हो भन्ने मलाई लाग्छ । खेलकुदले युवामा नेतृत्वको विकास गराई जटिल परिस्थितिमा सहजताका साथ प्रतिस्पर्धा गर्ने क्षमता प्रदान गर्ने भएकाले यसमा सहभागी हुनेले धैर्य र समर्थनको भावना विकास गर्न सक्नुपर्छ जुन हाम्रो राष्ट्रका लागि आजको आवश्यकता हो ।"

काठमाडौंमहानगरपालिकाकाप्रमुख बालेन्द्र शाहले खेलकुद शारीरिक र मानसिक रुपमा सशक्त बनाउने माध्यम भएकाले विद्यार्थीमा त्यस किसिमको विकास हुन आवश्यक रहेको विचार व्यक्त गरे । महानगरपालिकाका उपप्रमुख सुनिता डङ्गोलले राष्ट्रिनिर्माण र विकासमा खेलाडीको भूमिका प्रभावकारी र सक्षम हुनपर्ने भएकाले स्थानीय, प्रदेश र सङ्घस्तरीय नै विभिन्न खेल प्रतियोगिताको आवश्यकता रहेको बताए । खेलाडीको उत्पादनमा विकास होस् भन्ने आशाले महानगरपलिकाले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गरेको उनले बताए ।

तीन दिनसम्म सञ्चालन हुने प्रतियोगितामा भलिबल, कबडी, तेक्वान्दो, एथलेटिक्स, कराते र उसु गरी छ विधामा प्रतिस्पर्धा हुने उपप्रमुख डङ्गोलले जानकारी दिए । प्रतियोगितामा ८३ विद्यालयका तीन हजार दुई सय ५० विद्यार्थीले भाग लिनेछन् ।

# महिलाद्वारा सञ्चालित उद्योगलाई प्राथमिकता दिन प्रधानमन्त्रीको आग्रह

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले नेपालको राजनीतिक परिवर्तन अनुरूप राज्यका संरचनामा परिवर्तन हुनुपर्नेमा जोड दिँदै महिलाद्वारा सञ्चालित उद्योगलाई प्राथमिकता दिन निर्देशन दिएका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा मंगलबार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका मन्त्री, सचिव र कर्मचारीसँग मन्त्रालयगत छलफलका क्रममा उनले महिलासम्बन्धी विषयलाई प्रमुख प्राथमिकतामा राख्नुपर्ने बताए ।

प्रधानमन्त्रीले भने, "महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अत्यन्तै संवेदनशील मन्त्रालय हो । तर हामीले यसलाई जति प्राथमिकता दिनुपर्ने हो, त्यसो गर्न सकेका छैनौँ । तसर्थ, आगामी दिनमा यसलाई प्राथमिकता दिने गरी यसको पुनःसंरचना आवश्यक छ ।"

महिलालाई आयआर्जन र आत्मनिर्भर बनाएर मात्र महिला अधिकारलाई सुदृढ गर्न सकिने उनको भनाइ छ । प्रधानमन्त्रीले भने, "त्यसका लागि महिलालाई प्राथमिकता दिने नीति र महिलाद्वारा सञ्चालित उद्योग र व्यवसायलाई प्राथमिकता दिने नीति लागू गर्नुस् ।"

नेपालको राजनीतिक परिवर्तनमा नेपाली महिलाले खेलेको भूमिका र योगदानको अभिलेखीकरण गरी गणतन्त्रको स्थापनासँगै महिलाको राजनीतिक, आर्थिक र सामाजिक अवस्थामा देखिएको परिवर्तनको यथार्थपरक लेखाजोखा गर्न जरुरी रहेको उनको कथन छ । त्यसका लागि आवश्यक अध्ययन तथा अनुसन्धान गरी संविधानप्रदत्त राजनीतिक अधिकारलाई व्यवहारमा रूपान्तरण गर्न आवश्यक नीतिगत, संरचनागत र कार्यक्रम तहका सूची तय गरी आगामी नीति कार्यक्रम तथा बजेटमा समेट्नका प्रधानमन्त्रीले निर्देशन दिए ।

गरिब तथा विपन्न दलित आदिवासी जनजाति, एकल तथा अपाङ्गता भएका महिला, वादी, कमलरी, कमैया, चेपाङ, मधेसी दलितलगायत सीमान्तकृत महिला तथा किशोरीलाई राज्यले प्रदान गर्ने सेवा तथा अवसरमा समान रूपमा प्रतिनिधित्व सुनिश्चित गर्न आयआर्जन, क्षमता विकास तथा सशक्तिकरणका लागि आर्थिक र सामाजिक विकासको रणनीतिक कार्ययोजना तयार गर्नुपर्नेमा प्रधानमन्त्रीको जोड छ ।

प्रदेश र स्थानीय तहलगायत निजी क्षेत्र र सङ्घसंस्थासँगको समन्वयमा सबै प्रकारका लैङ्गिक हिंसा, दुर्व्यवहार, मानव बेचबिखन रोक्न समुदायमा आधारित अभियान कार्यक्रम सञ्चालन गर्न आवश्यक रहेको उहाँको भनाइ छ । स्थानीय न्यायिक समितिमा महिला कानुनी परामर्शकर्ताको प्रबन्धका साथै कार्यसम्पादन क्षमता अभिवृद्धि गर्न क्षमता विकासका कार्यक्रमसहित रणनीति तयार गर्नुपर्नेमा प्रधानमन्त्रीको जोड छ ।



घरायसी कामलाई श्रम गणनामा समावेश गरी सम्मान गर्ने कामको कार्यान्वयनका लागि आवश्यक प्रबन्ध मिलाउन प्रधानमन्त्रीले आवश्यक निर्देशन दिए । "महिलाको आर्थिक एवं वित्तीय सहभागिता वृद्धि गरी आर्थिक वृद्धिलाई तीव्र र दिगो बनाउने गरी राष्ट्रिय कार्यक्रम सञ्चालन गर्न विशेष कार्ययोजना तयार गर्नुहोला । महिला उद्यमशिलता तथा महिलाले सञ्चालन गर्ने उद्योगलाई संरक्षण, संवर्द्धन तथा प्रवर्द्धन गर्न आवश्यक नीतिगत तथा कानुनी क्षेत्र पहिचान गरी कार्ययोजना तयार गर्नुहोला", प्रधानमन्त्रीले भने ।

दुर्गम क्षेत्र तथा गरिब घर परिवारका गर्भवतीले समयमै उपचार नपाइ मर्नुपर्ने परिस्थितिलाई अन्त्य गर्न जरुरी रहेकामा जोड दिँदै प्रधानमन्त्रीले त्यसका लागि समुदायमा आधारित हेरचाह तथा परामर्श सेवा सुरु गर्नेतर्फ अध्ययन गरी पेश गर्न एवम् उपचारका लागि हेलिकोप्टरबाट उद्दार गर्ने कार्यक्रमलाई बिशेष योजनासहित थप प्रभावकारी बनाउनुपर्ने बताए । उनले यौन तथा प्रजनन स्वास्थ्यसम्वन्धी सरकारी तथा गैरसरकारी तहबाट छरिएर सञ्चालनमा आएका कार्यक्रमलाई एकीकृत राष्ट्रिय कार्यक्रमका रुपमा कार्यान्वयन हुने प्रवन्ध मिलाउनु पर्ने उल्लेख गर्नुभयो ।

तनहुँको ढकालटारको बाल सुधार गृह पूर्वाधार निर्माणलाई प्राथमिकता दिन, बालसुधार गृहको मापदण्डबमोजिम हुने गरी बाँकेको नौबस्तालगायत अन्य नौ स्थानका बालसुधार गृहलाई स्तरोन्नति तथा व्यवस्थापकीय सुधारसम्वन्धी विशेषयोजना तयार गर्न एवम् बालबालिकासम्बन्धी कानुनलाई समयानुकूल संशोधन गर्ने कार्यलाई प्राथमिकता दिनुपर्ने प्रधानमन्त्रीको भनाइ छ ।

"प्रत्येक विद्यालयमा बालबालिकाको शारीरिक तथा मानसिक विकासका लागि उमेर समूह र कक्षाअनुसारको खेलकुद, मनोरञ्जन तथा अतिरिक्त क्रियाकलापहरूको वार्षिक क्यालेन्डर निर्माण गरी सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाउनुहोला", उनले भने, "पछिल्लोसमय विद्युतीय माध्यमको प्रयोग गरी बालबालिकामाथि हुने शोषण तथा हिंसा बढिरहेको र बालबालिकाको आनीबानी, व्यवहार र व्यक्तित्वमा समेतमा प्रतिकूल प्रभाव परेको देखिएकाले यसको नियन्त्रणका लागि आवश्यक पहल लिनुहोला ।"

प्रधानमन्त्री दाहालले ज्येष्ठ नागरिकका हित, हक र अधिकारको प्रवर्द्धन र संरक्षण गर्न नसक्दा सिर्जना हुने शारीरिक र मानसिक समस्या तथा तिनले परिवार, समाज र समग्र अर्थतन्त्रमा पार्ने प्रभावको समीक्षा गरिनुपर्ने र त्यसका लागि पहिलो कार्य ज्येष्ठ नागरिकको राष्ट्रिय तथ्याङ्क तयार गर्न आवश्यक रहको उल्लेख गरे ।

"सत्तरी वर्षदेखि माथिको उमेर समूहका ज्येष्ठ नागरिकलाई उचित सम्मानसहित स्याहार, पालनपोषण गर्ने परिवारलाई स्थानीय तहमार्फत आदर्श परिवार घोषणा गरी सम्मान र सहुलियत प्रदान गर्ने व्यवस्थाका लागि आवश्यक कानुनी र संरचनागत पूर्वाधार तयार गर्नुहोला" प्रधानमन्त्रीले भने ।

अपाङ्गता भएका व्यक्तिलाई सहजरूपमा उपयुक्त सहायक उपकरण प्रदान गर्नका लागि काठमाडौँ र सात वटै प्रदेशमा सहकार्यको ढाँचामा उत्पादन र वितरण केन्द्र सञ्चालन गर्न आवश्यक प्रवन्ध मिलाउनुपर्नेमा उनले जोड दिए । सडक, भवन जस्ता सबै सार्वजनिक भौतिक पूर्वाधार अनिवार्य अपाङ्गमैत्री हुने व्यवस्था मिलाउन र अपाङ्गगता हेरचाह गृहको राष्ट्रिय मापदण्ड निर्माणलाई प्राथमिकताका साथ कार्यान्वयन गर्नैपर्ने प्रधानमन्त्रीको भनाइ छ ।

समाज कल्याण परिषद्लाई सङ्घीय शासन प्रणालीअनुरूप राष्ट्रिय प्राथमिकताका क्षेत्र तोकेर सो क्षेत्रमा मात्र वैदेशिक सहायता परिचालन गर्ने व्यवस्था मिलाउनुपर्ने र मौजुदा समाज कल्याण ऐन, २०४९ लाई खारेज गरी समयानुकूल नयाँ ऐन तर्जुमाको प्रक्रिया शुरु गरिहाल्न मन्त्रालयलाई निर्देशन दिए ।

बैठकमा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्री सुरेन्द्रराज आचार्यले पछिल्लो समयमा बाल सुधार गृहमा केही समस्या देखिएको र ती समस्याको अन्तर्गतमा कानुनी प्रबन्ध नै मुख्य रूपमा जिम्मेवार रहेको बताउँदै त्यसका निम्ति आवश्यक पहल लिनुपर्नेमा जोड दिए ।

त्यस अवसरमा नेपाल सरकारका मुख्यसचिव डा बैकुण्ठ अर्यालले समाज कल्याण परिषद्को पुनःसंरचनामा जोड दिँदै विदेशी दातृ निकायबाट प्राप्त हुने अनुदान र सहयोगलाई पारदर्शी, व्यावहारिक र परिणाममुखी बताउनुपर्ने भनाइ राखे । उनले बालमन्दिर र बाल सुधार गृह व्यवस्थित गर्न कानुनी प्रबन्ध गर्नुपर्ने आवश्यकता औल्याए ।

छलफलमा मन्त्रालयका सचिव सुमनराज अर्यालले मन्त्रालयले सामाजिक न्यायका मुद्दामा बढी ध्यान दिएको बताउँदै मन्त्रालयको सेवालाई सात सय ५३ वटै स्थानीय तहसम्म विस्तार गर्नुपर्ने बताए । उनले मन्त्रालयले महिला आयोगसँग प्रभावकारी समन्वय गरिरहेको बताउँदै समाज कल्याण परिषद् को नियमन र परिचालन, गैरसरकारी संस्थाको अनुगमन र मूल्याङ्कनका साथै महिला बालबालिका र ज्येष्ठ नागरिकका न्याय र अधिकारमा केन्द्रित भएको बताए ।

सचिव अर्यालले लैङ्गिक हिंसा, बालअधिकार, ज्येष्ठ नागरिक प्रवर्द्धनलगायतका काम गरिएको बताउँदै बालबालिकासम्बन्धी व्यवस्थित कानुन नहुँदा बालसुधार गृहमा विभिन्न समस्या देखिएको, दुर्व्यसनका विभिन्न समस्या आइरहेकाले अध्यादेश नै ल्याएर भए पनि ऐन बनाउने कामलाई प्राथमिकतामा राख्नुपर्ने बताए । उनले अन्तरनिकाय समन्वयको प्रभावकारिता, सामाजिक न्यायको मुद्दामा स्थानीय तहको सवलीकरण, राष्ट्रपति महिला सशक्तिकरण कार्यक्रम स्थानीय तहसम्म बिस्तार र स्थानीय तहमा 'बर्थिङ सेन्टर' बनाउनुपर्नेमा जोड दिँदै विद्यमान ऐनमा एकीकरण आवश्यक भएको बताए ।

प्रधानमन्त्री कार्यालयका सचिव अर्जुनप्रसाद पोखरेलले समाज कल्याण परिषदलाई समयानुकूल परिमार्जन गर्नुपर्नेमा जोड दिँदै विकसित परि स्थितिअनुरूप कानुनी र संरचनागत सुधार जरूरी रहेको बताए ।

त्यस्तै अर्थसचिव डा कृष्णहरि पुष्करले राष्ट्रिय आवश्यकता र साधनस्रोतको व्यवस्थाबीच विरोधाभाष रहेकाले कतिपय सम्बोधन गर्नैपर्ने योजना र कार्यक्रममा पर्याप्त बजेटको व्यवस्था गर्न नसकिएको बताए ।

# वस्तुगत योजना आवश्यक : शिक्षामन्त्री

**टुडे समाचारदाता**

काठमाण्डु । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईले उपलब्ध हुने स्रोतको सुनिश्चिताका आधारमा वस्तुगत योजना बनाएर मात्र शैक्षिक कार्यक्रमअघि बढाइए तोकिएको समयमा त्यसको नतिजा प्राप्त गर्न सकिने धारणा राखेका छन् ।

प्रतिनिधिसभा, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको मंगलबारको बैठकमा उनले मुलुकमा आर्थिक अवस्था कमजोर रहेका बेला न्यूनतम खर्चमा आवश्यक संरचना मात्र निर्माण गर्ने कार्ययोजना अहिलेको आवश्यकता भएको बताए । जाजरकोट भूकम्प प्रभावित क्षेत्रका विद्यालय सञ्चालनमा देखिएका चुनौती तथा सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयका सम्बन्धमा उठेका प्रश्न र वास्तविकता जानकारी लिन समितिले मंगलबारको बैठकमा मन्त्री राई र सचिवलाई आमन्त्रण गरेको थियो ।

मन्त्री राईले भने, "शिक्षा क्षेत्रसँग सम्बन्धित सही तथ्य तथ्याङ्क प्राप्त गर्न समन्वय र सम्पर्क गर्ने सूचना प्रणालीको विकास गर्दैछ । शिक्षा क्षेत्रमा गर्नुपर्ने काम धेरै छन्, स्रोतसाधन काम छ, लगानी न्यून छ ।" कूल राष्ट्रिय बजेटको २० प्रतिशत शिक्षा क्षेत्रमा विनियोजन हुनुपर्ने अन्तर्राष्ट्रिय प्रतिबद्धता भए पनि चालु आर्थिक वर्षमा ११ दशमलव २७ प्रतिशत विनियोजन भएको छ । राज्यले शिक्षा र स्वास्थ्य क्षेत्रमा लगानी बढाउनुपर्छ भन्ने मन्त्री राईको भनाइ थियो ।

शिक्षा मन्त्रालयका सचिव सुरेश अधिकारीले विसं २०७२ को भूकम्पपछि कुन ठाउँमा कस्तो संरचना बनाउनुपर्छ भन्ने आधारमा जाजरकोट रुकुम र बाजुरामा ढाँचामा अघि बढाउने भन्ने योजना रहेको जानकारी दिए । उनले भने, "त्यसैका आधारमा भूकम्प प्रभावित



जिल्लाका विद्यालय निर्माण र पुनःनिर्माणका लागि अहिलेको मूल्यवृद्धिलाई हेर्दा रु छ अर्ब ८४ करोड लाग्ने अनुमान छ ।"

भूकम्प प्रभावित जिल्लाका भवन भत्कँदा करिब रु दुई अर्ब नौ करोड बराबरको भौतिक क्षति भएको बैठकमा जानकारी दिइयो । जाजरकोट भूकम्पबाट त्यस जिल्लाका पूर्णरुपमा तीन सय नौ विद्यालय भवन पूर्णक्षति भएको छ भने सात सय ५१ मा आंशिक क्षति भएको छ ।

आंशिक क्षति भएका भनिएका विद्यालयको पनि पूर्णरुपमा प्रबलीकरण गर्नुपर्ने अवस्थाले पूर्ण क्षति बराबरकै लागत लाग्न सक्ने मन्त्रालयले अनुमान गरेको छ । त्यस्तै रुकुम पश्चिममा एक सय पाँच विद्यालय पूर्ण क्षति भएको छ भने चार सय ७४ क्षति आंशिक भएको छ ।

बभाङ भूकम्पबाट त्यहाँ छ विद्यालय भवनमा पूर्ण क्षति भएको थियो भने ३७ वटा मा आंशिक क्षति पुगेको सो अवसरमा जानकारी दिइयो । त्यसैगरी बाजुरामा ५६ वटा विद्यालयमा आंशिक क्षति भएको थियो । भूकम्पछि केही समय विद्यालय सञ्चालन हुन नसकेको तथा हाल अस्थायी विद्यालय खडा गरी पढाइ सञ्चालनमा ल्याइएको सचिव अधिकारीले बताए ।

जाजरकोटमा दुई ९३ वटा संरचना बनाइएको पनि जानकारी दिइयो । सरकारले भूकम्प प्रभावित जिल्लाका २० हजार बालबालिकालाई पुग्ने पाठ्यपुस्तक छपाइ गरी पुनः उपलब्ध गराएको छ । नेपालको शिक्षा क्षेत्रको विकासमा राम्रै योगदान गरिरहेका विभिन्न आठ दातृ निकाय विद्यालयकेन्द्रित कार्यक्रम सहभागी विद्यालय पुनःनिर्माण गर्न सहयोग वचन प्राप्त भइरहेको बताइएको छ ।

जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) र एसियाली विकास बैंकले अनुदानका लागि दिएको रु ७५ करोड बाँकी बजेट विद्यालयको पुनःनिर्माणका लागि खर्च गरौँ भन्ने प्रस्ताव अर्थ मन्त्रालयमा पठाइ सकिएको पनि जानकारी दिइयो ।

दातृ निकायबाट ऋणवापत प्राप्त अर्को रु डेढ अर्ब पनि यसमा खर्च गर्ने कि नगर्ने भन्नमो निर्क्र्यौल हुन बाँकी छ । विद्यालय पुनःनिर्माण गर्न सकिने करिब रु साढे तीन अर्ब रकमको सुनिश्चिता आफैँसँग रहेको पनि सचिव अधिकारीले बताए ।

बैठकमा सदस्यले शिक्षा मन्त्रालयसँग शीर्षक नखुलाइएका रकम र भूकम्पबाट प्रभावित विद्यार्थीको संख्याको विवरण माग गरे । उनीहरुले कैलालीमा प्रारम्भमा गेटा मेडिकल, त्यसपछि प्रतिष्ठान, र अस्पताल हुँदै अहिले विश्वविद्यालय स्थापनाको विषय उठेकाले सो सम्बन्धमा स्पष्ट पार्न आग्रह गरेका थिए ।

सरकारको कैलालीमा विश्वविद्यालयका भौतिक संरचनातर्फ कलेज पूर्वाधार निर्माण विकास समितिबाट साना र ठूला गरी ५३ संरचना निर्माण गरिसकेको छ । त्यसका लागि करिब रु छ अर्बभन्दा बढी लगानी भइरहेको छ ।


## श्री सैनिक आवासीय महाविद्यालय, बर्दिवास,महोत्तरी

### खरिद सम्बन्धी विद्युतिय बोलपत्र (e-GP) आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०९/१८ गते)

१. आ.व.२०८०/८१ मा यस महाविद्यालयको लागि आवश्यक फर्निचर साम्रगी खरिद गर्न ईच्छुक फर्म र संस्था वा कम्पनीहरुको लागि यसै सूचनाद्वारा यो बोलपत्र आव्हान गरिएको छ ।

**बोलपत्रको विवरण**

| सि. नं | सूचना नम्बर | कामको विवरण | पेश गर्नूपर्ने बोलपत्र जमानत अंक (ने.रु.) | बोलपत्र दस्तूर (ने.रु.) | बोलपत्र मान्य हूने अवधी | वीड गर्ने अन्तिम मिति र समय | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | NAWF/SAMB/GOODS/ BDS/080/81/61 | फर्निचर खरिद | ७८,०००।- | ३,०००।- | ९० दिन | २०८०।१०।१९ गते १२०० बजे सम्म | २०८०।१०।१९ गते १३०० बजे सम्म |

२. खरिद सम्बन्धी थप जानकारीको लागि श्री सैनिक आवसीय महाविद्यालय, बर्दिवास, महोत्तरीको फोन नं: ०४४-५९०१०४, ९८५४०३००७० इमेलः armyschool-bardibas@nepalarmy.mil.np र Website: sambm.edu.np मा सर्म्पक गर्न हुन ।

३. e-GP Bidder हरुले e-GP प्रणालीमा व्यवस्था भए बमोजिम अन्य विवरण समेत भर्नु पर्नेछ ।



## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा


### ३५ दिने सार्वजनिक सूचना

जिल्ला धनुषा जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ मा स्थित जनकपुर विल्डर्स एण्ड रियल स्टेट प्रा.लि.को नाउँमा दर्ता कायम रहेको तपसिल बमोजिमको जग्गामा जि.ध. सिनुरजोडा गा.वि.स. वडा नं. ८ हाल लक्ष्मीनियाँ गा.पा. वडा नं. २ मा बस्ने कैले कवारी मोही रहेको र निजको नाउँ मेरो जग्गाधनी प्रमाण पुर्जामा रही रहेकोमा निज मोहीको यस ठाउँमा बसोबास नभएको र निजको शेष पछी हक खाने एकासगोलको श्रीमान्, श्रीमती, बाबु, आमा, छोरा, छोरी, बुहारी, नाती, नातीबुहारी, ३५ वर्ष पुगेको अविवाहीता छोरी धर्मपुत्र, कानूनी हकदार समेत नभएको हुँदा उक्त जग्गा म जग्गाधनीले आफै जोती कमाई आइरहेको छु । तर उक्त जग्गाको मोही लगतमा कैले कवारीको नाउँ हालसम्म यथावत कायम नै रहेको हुँदा निज मोहीको नाउँ कट्टा गरी जग्गाधनी प्रमाण पूर्जा तथा श्रेस्ताको मोही महलबाट समेत मोहीको नाउँ कट्टा गरिदिन श्री भूमिसुधार तथा मालपोत कार्यालय धनुषाको नाउँमा पत्र लेखि पाउँ भनी जग्गाधनी प्रा.लि.को वारेशले मिति २०८०।०१।३१ गतेमा दिएको निवेदनमा कारवाही हुदाँ दावी जग्गाको मोही कैले कवारी वा निजको एकासगोलको माथि उल्लेखित हकदारहरु कोही भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्पूर्ण प्रमाणहरु साथ आफै वा वारेश मार्फत लिखित जवाफ सहित हाजिर हुनु भनी सार्वजनिक सूचना प्रकाशित गर्ने भनी मिति २०८०।०५।२१ मा आदेश भएको हुँदा उक्त आदेश बमोजिम यो सूचना प्रकाशित गरिएको छ । दावी जग्गाबाट मोही कैले कवारीको नाम कट्टा हुनु नपर्ने कुनै कारण भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफै वा वारेश मार्फत लिखित जवाफ सहित हाजिर हुन आउनुहोला । अन्यथा दावी जग्गाबाट मोहीको नाउँ कट्टा भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपसिल**

| सि.नं. | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | मोहीको नाउँ | जग्गाधनीको नाउँ |
|---|---|---|---|---|---|---|
| १ | अजगेवा हरिनमरी | ८ ग | ४८७ | ०-५-१२.५ | कैले कवारी | जनकपुर विल्डर्स एण्ड रियल स्टेट प्रा.लि. |

# भारत पाकिस्तानसँग आतङ्कवादका विषयमा सम्झौता गर्न इच्छुक छैन



**एएनआई**

नयाँदिल्ली । पाकिस्तानको सीमापार नीतिलाई भारतले अप्रासङ्गिक बनाएको छ। भारतीय विदेशमन्त्री जयशंकरले आतङ्कवादको अभ्यासलाई वैध मानिएका शर्तहरूमा भारतले सम्झौता नगर्ने बताउनु भएको छ।

एएनआईसँगको अन्तर्वार्तामा विदेश मन्त्री जयशंकरले भारत पाकिस्तानसँग सम्झौता गर्न इच्छुक नरहेको बताउदै आतङ्क र शत्रुतामुक्त वातावरण बनाउनु पर्ने उल्लेख गर्नु भएको छ।

पाकिस्तानसँगको मोदी सरकारको दृष्टिकोणलाई उल्लेख गदै उहाँले सीमापार आतङ्कवादलाई नसहने बताउनु भएको छ।

पाकिस्तानले दशकौ अघिदेखि भारतलाई टेबुलमा ल्याउन सीमापार आतङ्कवादको प्रयोग गरेको बताउदै आफूहरुले त्यस्ता विषय अप्रासङ्गिक बनाएको बताउनु भएको छ । पाकिस्तान आफ्नो नजिकको छेमेकी भएको स्वीकार गर्दै उहाँले पाकिस्तानले तयार पारेका शर्तहरूको आधारमा व्यवहार नगर्ने बताउनु भएको छ।

भारतले गत वर्ष अगस्टमा पाकिस्तानसँगको सम्बन्धलाई सामान्यीकरण बनाउनका लागि आतङ्कवाद र शत्रुतामुक्त वातावरण आवश्यक रहेको बताएको थियो ।

मन्त्री जयशंकरले एएनआईसँगको अन्तर्वार्तामा पाकिस्तानको भविष्य पाकिस्तानको आफ्नै कार्य र छनौटबाट निर्धारण हुने भन्दै छिमेकीको हैसियतले आर्थिक समस्याबाट बाहिर निस्कन आवाश्यक रहेको बताउनु भएको छ।

आर्थिक सङ्कटबाट गुज्रेको श्रीलङ्कालाई भारतले गरेको सहयोगको सन्दर्भ उल्लेख गर्दै श्रीलङ्कासँग एकदमै फरक सम्बन्ध भएको बताउनु भएको छ।

पाकिस्तानको अवस्था तथा भविष्य धेरै हदसम्म पाकिस्तानकै क्रियाकलापले निर्धारण गर्ने जिकिर गर्दै उहाँले कोही पनि अचानक कठिन परिस्थितिमा नपुग्ने बताउनु भएको छ।

पछिल्लो समयमा घट्दो, विदेशी मुद्रा सञ्चिति, उच्च मुद्रास्फीति तथा मुद्राको तीव्र अवमूल्यन लगायतका आर्थिक कठिनाइसँग पाकिस्तान जुधिरहेको छ।

# लागु पदार्थ तस्करीको आरोपमा इरानमा नौ जनालाई फाँसी



**एएफपी**

तेहरान। इरानले हालका दिनमा लागु पदार्थ तस्करीको आरोपमा नौ जनालाई फाँसी दिएको सरकारी मिडियाले मङ्गलबार बताएको छ । यो विश्वको सबैभन्दा उच्च फाँसी दरमध्येको एक हो।

आधिकारिक आइआरएनए समाचार समितिका अनुसार हेरोइन र अफिम खरिद गर्ने तथा ओसारपसार गरेको अभियोगमा उत्तरपश्चिमी प्रान्त अर्दबिलको एक कारागारमा तीन जनालाई फाँसी दिइएको छ। अन्य छ जनालाई मेथामफेटामाइन, हेरोइन र भाङ तस्करी गरेको आरोपमा छुट्टाछुट्टै फाँसी दिइएको छ।

इरान अफगानिस्तान र युरोपबीचको प्रमुख अफिम तस्करी मार्गमा अवस्थित छ र घरेलु अफिमको प्रयोग दर विश्वमा सबैभन्दा धेरै छ। सन् २०२१ मा संयुक्त राष्ट्रसङ्घ कार्यालय अन ड्रग्स एन्ड क्राइम (युएनओडिसी) ले उद्धृत गरेको आँकडाले इरानमा २८ लाख मानिसमा लागु पदार्थको समस्या रहेको बताएको छ।

इरानी अधिकारीहरूले लागु पदार्थको दुरुपयोग र तस्करीसँग लड्नका लागि धेरै अभियान सुरु गरेका छन् र नियमितरूपमा छिमेकी अफगानिस्तानबाट तस्करी गरेर ल्याइएका अफिमहरूको ठूलो बरामदको घोषणा गर्दछन्।

इरानी अधिकारीहरूले सन् २०२३ को पहिलो पाँच महिनामा लागु पदार्थसँग सम्बन्धित अपराधका कम्तीमा एक सय ७३ दोषीलाई फाँसी दिएको जुनमा एमनेस्टी इन्टरनेसनलले बताएको थियो। उक्त आँकडा सो अवधिमा इरानमा सबै फाँसीको सजायको करिब दुई तिहाइ भएको बताइएको छ।

इरानले सम्पूर्ण कानूनी कार्यवाहीपछि मात्र फाँसी दिइने बताएको छ । उसका अनुसार लागु पदार्थको तस्करीविरुद्ध मृत्युदण्ड आवश्यक निवारण हो । एमनेस्टीका अनुसार इरानले चीनबाहेक कुनै पनि अन्य मुलुकको तुलनामा प्रतिवर्ष सबैभन्दा धेरै व्यक्तिलाई मृत्युदण्ड दिन्छ।

इरानले सन् २०२३ मा सात सयभन्दा धेरैलाई मृत्युदण्ड दिएको नर्वेस्थित इरान मानवअधिकार समूहले नोभेम्बरमा बताएको थियो । उक्त आँकडा आठ वर्षमा सबैभन्दा धेरै हो।

# सन् २०२३ मा विश्व खेलकुद

काठमाण्डु । विश्वका खेलप्रेमीका लागि सन् २०२३ औसत रह्यो । विगतमा झैं यस वर्ष पनि खेलकुदमा केही कीर्तिमानसँगै विवादास्पद घटना पनि भए। वर्षको सुरुआत प्रसिद्ध फुटबल खेलाडी क्रिष्टियानो रोनाल्डो साउदी अरबको क्लब अल नासरमा अनुबन्धितसम्बन्धी समाचारले चर्चा कमायो । तेलमा निर्भर अर्थतन्त्र भएको साउदी अरबले फुटबलमार्फत कमाएको चर्चा निकै महत्त्वपूर्ण थियो । साथै वर्षको अन्त्यतिर अष्ट्रेलियाका प्रसिद्ध क्रिकेटर डेभिड वार्नरले एकदिवसीय क्रिकेट प्रतियोगिताबाट सन्न्यास लिने घोषणा गरे भने इन्डियन प्रिमियर लिग (आइपिएल)सहित विश्वका दुई दर्जनभन्दा लिग खेलेका नेपाली राष्ट्रिय टोलीका पूर्वकप्तान सन्दीप लामिछाने बलात्कारको आरोपमा अदालतबाट दोषी ठहर भए।




### रोनाल्डोको प्रवेशले साउदीमा फुटबलको रौनक

वर्षको सुरुआतमा सञ्चारमाध्यममा प्रकाशित समाचारले विश्वका करोडौं फुटबल प्रेमीलाई अचम्मित बनायो। कारण थियो, पोर्चुगगाली स्टार क्रिस्टियानो रोनाल्डो साउदी अरबको क्लब अल नासरमा अनुबन्धित हुनु । रोनाल्डो साउदी अरब जाँदै गर्दा धेरैले पैसाका लागि गएको भन्दै आलोचना पनि गरे । तर यो रोनाल्डोको करिअरको तुलनामा साउदीको अर्थतन्त्रका हिसाबले महत्त्वपूर्ण थियो । साउदी अरबका युवराज मोहम्मद बिन सलमानले सन् २०३० सम्ममा तेलमा निर्भर मुलुक अर्थतन्त्रको विकल्प खोजिरहेको अवस्थामा फुटबल एउटा माध्यम थियो। रोनाल्डोपछि साउदी अरबका क्लबमा ब्राजिलियन स्टार नेयमार, फ्रान्सका करिम बेन्जिमा र नगोलो कान्टे, ब्राजिलका फ्याबिन्हो, सेनेगलका सादियो माने तथा अल्जेरियाका रियाद मारेज पनि साउदी प्रो लिगका लागि अनुबन्ध भए । साउदी अरब पुगेका रोनाल्डो वर्ष २०२३ मा ५४ गोलसहित सर्वाधिक गोलकर्ता समेत भएका छन्।

### मेस्सी गए मियामी

विश्वका उत्कृष्ट फुटबल खेलाडीमध्येका एक लियोनल मेस्सी अमेरिकी फुटबल क्लब इन्टर मियामीमा अनुबन्धन हुनु गत वर्षको सर्वाधिक चर्चाको विषयमध्ये एक बन्यो। क्यानाडा र मेक्सिकोसँग मिलेर सन् २०२६ को विश्वकप फुटबल प्रतियोगिता आयोजना गर्न लागेको अमेरिकाका लागि मेस्सीको आगमनले ठूलो चर्चा दिलायो । समाचारमा जनाइएअनुसार साउदी अरबको क्लब अल हिलालको ५० करोड यूरोको अफर अस्वीकार गर्दै मेस्सीले प्रतिवर्ष करिब छ करोड डलरको सम्झौतामा इन्टर मियामी रोजेका थिए। इन्टर मियामीमा प्रसिद्ध फुटबल खेलाडी डेबिड बेकहमको पनि स्वामित्व छ। साथै अर्जेन्टिनालाई ३६ वर्षपछि विश्वकपको उपाधि जिताउन सफल मेस्सीको जर्सी नम्बर १० लाई उनको सम्मानमा अर्जेन्टिना सरकारले 'रियाटर' गर्ने घोषणा गरेको छ। अर्थात् अब उक्त नम्बरको जर्सी अर्को खेलाडीलाई दिइने छैन । यसअघि उक्त नम्बरको जर्सी प्रसिद्ध फुटबल खेलाडी डिएगो म्याराडोनाको थियो।

### चुम्बनले निलम्बन

अगस्टमा फुटबलको दुनियाँमा विवादास्पद घटना घट्यो । स्पेन फुटबल फेडेरेसनका अध्यक्ष लुई रुबियालेजले महिला फुटबल खेलाडी जेनी हर्मोसोलाई चुम्बन गरेपछि उनी निलम्बनमा परे । फुटबल वर्ल्डकप जितेको स्पेनको महिला टोलीलाई बधाई दिने क्रममा अध्यक्ष रुबियालेजले हर्मोसोलाई अङ्गालो मार्दै चुम्बन गरेका थिए । त्यसपछि हर्मोसाले प्रत्यक्ष प्रसारणमा उक्त चुम्बन आफूलाई नराम्रो लागेको प्रतिक्रिया दिएपछि उनलाई अन्तर्राष्ट्रिय फूबटल महासङ्घ (फिफा)ले तीन वर्षका लागि निलम्बन गरेको थियो।

### पहिलो टाइम आउट

भारतमा सम्पन्न विश्वकप क्रिकेटअन्तर्गतको बङ्गलादेश र श्रीलङ्काबीचको खेलमा श्रीलङ्काली खेलाडी एन्जेलो म्याथ्युज क्रिकेट इतिहासमा पहिलो पटक 'टाइम आउट'को सिकार बने । यसअघि क्रिकेटको नियममा मात्रै सीमित टाइम आउट नियम म्याथ्युजको हकमा लागू भयो । अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)को नियमअनुसार कुनै ब्याटर आउट भएपछि दोस्रो ब्याटरले दुई मिनेटभित्र बल खेलिसक्नुपर्छ । तर हेलमेटको फिता बिग्रिएपछि म्याथ्युजले नियमअनुसार समयसीमाभित्र बल खेल्न सकेनन्। त्यसपछि बङ्गलादेशका कप्तान सकिव अल हसनले अपिल गरे र खेलको नियमअनुसार म्याथ्युज आउट भए। खेल बङ्गलादेशले तीन विकेटको खेल जित्यो।

### भलिबल खेल हेर्न ९२ हजार दर्शक

अगस्टमा अमेरिकामा सम्पन्न एक खेलमा ९२ हजार दर्शक जम्मा भए । द युनिभर्सिटी अफ नेब्रास्काले विश्वभर महिलाहरूको कुनै पनि खेलमा यति धेरै दर्शक उपस्थित भएको पहिलो घटना भएको दाबी गरेको छ । उक्त खेल हेर्न मेमोरियल स्टेडियममा ९२ हजार तीन जना दर्शक जम्मा भएका थिए। यसअघि बार्सिलोनामा भएको वुमन्स च्याम्पियन्स लिग फुटबल म्याचमा ९१ हजार छ सय ४८ दर्शक जम्मा भएका थिए।

### जोन राहमको अनुबन्धन

प्रसिद्ध गल्फर जोन राहमले फ्रोफेशनल गल्फर एसोसिएसन अफ अमेरिका (पिजीए)सँगको आबद्धता त्यागेर 'लिभ गल्फ'मा आबद्धता जनाएका छन् । यसका लागि लिभ गल्फले दुई पटकका विजेता राहमलाई ५० करोड डलर दिने सम्झौता गरेको समाचारमा जनाइएको छ।

### भव्य एसियाड र विवाद

चीनको हाङझाउमा सम्पन्न १९औं एसियन गेम्स भव्यरूपमा सम्पन्न भयो । जसमा विश्वका ४५ देशका १२ हजारभन्दा बढी खेलाडीले विभिन्न खेलमार्फत सहभागिता जनाए। कूल चार सय ८१ वटा खेल भएको प्रतियोगितामा चीन दुई सय एक स्वर्ण, एक सय ११ रजत र ७१ कास्य गरी कूल तीन सय ८३ पदकसहित पहिलो स्थानमा रह्यो भने जापान ५२ स्वर्ण, ६७ रजत र ६९ कास्य गरी कूल एक सय ८८ पदकसहित दोस्रो भयो । दक्षिण कोरिया ४२ स्वर्ण, ५९ रजत र ८९ कास्य गरी एक सय ९० पदकका साथ तेस्रो हुँदा २८ स्वर्ण, ३८ रजत र ४१ कास्य गरी एक सय सात पदकका साथ भारत चौथो स्थानमा रह्यो। प्रतियोगितामा नेपालले एक रजत र एक कास्य पदक जित्न सफल भयो।

प्रतियोगिता भव्यरूपमा सम्पन्न भए भने केही विवाद भने देखियो । एक सय मिटरको हर्डल्स खेलका क्रममा भारतीय खेलाडी ज्योति याराजी तेस्रो स्थानमा रहँदा पनि रजत पदक जित्न सफल भइन । 'गलत सुरुआत' गरेको भन्दै दोस्रो स्थानकी चिनियाँ खेलाडी वु यानी बाहिरिएपछि कास्य पदक विजेता याराजीलाई पदक वितरणको समयमा रजत पदक प्रदान गरियो । एसियाडमै भारतीय खेलाडी निरज चोपडाको खेलमा पनि विवाद भयो । 'ज्याभ्लिन थ्रो' खेलमा निरजले पहिलो प्रयासमा ८७ मिटरको कीर्तिमानलाई तोडे पनि आधिकारिकरूपमा गणना नहुँदा दोस्रो पटक थ्रो गर्नुपरेको थियो। दोस्रो पटकको प्रयासमा निरजले स्वर्ण पदक जित्न सफल भए।

### रग्बी विश्वकपमा दक्षिण अफ्रिकाको कीर्तिमान

दक्षिण अफ्रिकाले चौथो पटक रग्बी विश्वकप जित्दै कीर्तिमान कायम गर्न सफल भयो । 'डिफेन्डिङ च्याम्पियन' दक्षिण अफ्रिका उपाधि रक्षासँगै चौथो पटक विश्वकपको उपाधि चुम्ने पहिलो मुलुक बन्यो । दक्षिण अफ्रिकाले यसअघि सन् २०१९, २००७ र १९९५ मा पनि विश्वकप उपाधि जितेको थियो । यसअघि न्युजिल्याण्ड र दक्षिण अफ्रिकाले समान तीन पटक विश्वकपको उपाधि जितेका थिए । चौथो पटक विश्वकपको उपाधि चुम्ने क्रममा दक्षिण अफ्रिकाले न्युजिल्याण्डलाई १२-११ ले पराजित गरेको थियो।

### अब्बल भारतलाई निराशा

विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत समूहचरणदेखि सेमिफाइनलसम्म सबै १० वटा खेल जितेको घरेलु टोली भारत तेस्रो पटक उपाधि चुम्नबाट चुक्यो । प्रतियोगिताभर ब्याटिङ, बलिङ र फिल्डिङ सबै क्षेत्रमा अब्बल भारतलाई फाइनलमा अस्ट्रेलियाले रोक्यो । खेल सुरु हुनुभन्दा अघि प्रतियोगिताको 'फेबरेट टिम' भारतलाई छ विकेटले पराजित गर्दै अस्ट्रेलियाले छैटौं पटक विश्वकपको उपाधि चुम्दै कीर्तिमान कायम गऱ्यो। प्रतियोगिताभर शानदार प्रदर्शन गरेको भारतले उपाधि जित्न नसक्दा करोडौं दर्शन निराश बने। यद्यपि प्रतियोगितामा 'प्लेयर अफ द टुर्नामेन्ट' भारतीय ब्याटर विराट कोहली बने । जसलाई सन् २०२३ मा भएका महत्त्वपूर्ण खेल प्रतियोगिताका रूपमा लिन सकिन्छ । कोहली एकदिवसीय क्रिकेटमा ५० वटा शतक प्रहार गर्ने पहिलो खेलाडी पनि बने।




### म्याक्सवेलको अविश्वसनीय पारी

नोभेम्बर ७ । विश्वकप क्रिकेटको ३९औं खेल । अफगानिस्तानले पहिलो ब्याटिङ गर्दै पाँच विकेटको क्षतिमा दुई सय ९१ रन बनाएपछि जवाफी ब्याटिङमा पाँच पटकको विश्व विजेता अस्ट्रेलिया उत्रिएको थियो । सो खेलमा 'फेबरेट' मानिएको अस्ट्रेलियाको सुरुआत राम्रो रहेन । चार रनमा पहिलो विकेट र ४३ रनमा दुई विकेट गुमाएको अस्ट्रेलियाले ४९ मा तेस्रो तथा चौथो विकेट र ६९ रनमा पाँचौं विकेट गुमायो । त्यसपछि ८७ रनमा छैटौं र ९१ रनमा सातौं विकेट गुमायो । क्रिजमा थिए कप्तान प्याट कुमिङ्स र ग्लेन म्याक्सवेल । त्यसपछि खेलमा चमत्कार जस्तै भयो । अनिश्चितताको खेल भनिने क्रिकेटमा सोही अविश्वसनीय खेल हुँदै थियो । धेरैको अनुमान अफगानिस्तानले सहजै खेल जित्यो भन्नेमा थियो । तर घाइते म्याक्सवेलले हार मानेनन् । कूल ९१ रनको अवस्थाबाट उनले अस्ट्रेलियालाई विना कुनै विकेट दुई सय ९३ रनमा पुऱ्याए र खेल जिताए। उनले एक सय २८ बलमा १० छक्का र २१ चौकासहित अविजित दोहोरो शतक अर्थात दुई सय एक रन बनाए। उनलाई अर्कोतर्फबाट कप्तान कुमिङ्सले दिए। उनले ६८ बलमा १२ रन बनाउँदै खेलको अन्तिमसम्म साथ दिए । यो खेलपछि म्याक्सवेलको खेल जगत्मा निकै चर्चा भयो।

### चर्चामा आइपिएल

इन्डियन प्रिमियर लिग (आइपिएल) हरेक वर्ष चर्चामा आउँछ। गत वर्ष पनि आइपिएलका केही घटनालाई लिएर विशेष चर्चा भयो । सन् २०२३ को आइपिएलमा लखनउ सुपर जाइन्ट्स र रोयल च्यालेन्जर्स बैंग्लोरबीच गत मे महिनामा भएको खेलमा विराट कोहली र अफगानिस्तानका तीव्र गतिका बलर नवीन उल हकबीच विवाद भयो । सोही विवादमा नवीन उल हकको समर्थनमा लखनउका तर्फबाट गौतम गम्भीर पनि सामेल भए । त्यसपछि नवीनले कोहलीलाई सामाजिक सञ्जालमा गिज्याउने प्रयास समेत गरे । कोहलीका समर्थकले नवीनलाई निकै ट्रोल पनि गरे।

वर्षको अन्त्यमा आगामी वर्षको आइपिएलका लागि भएको अक्सनमा कोलकाता नाइट राइडर्सले अस्ट्रेलियाली खेलाडी मिचेल स्टार्कलाई २४ दशमलव ७५ करोड भारतीय रुपैयाँमा खरिद गरेर नयाँ कीर्तिमान कायम गऱ्यो। साथै सोही अक्सनमा अस्ट्रेलियाका कप्तान प्याट कुमिङ्सलाई सनराइजर्स हैदराबादले २० दशमलव ५० करोड भारतीय रुपैयाँमा खरिद गऱ्यो। यी दुवै रकम कुनै एक सिजनमा एक खेलाडीले पाएको हालसम्मकै सबैभन्दा ठूलो रकम हो।

आइपिएलकै चर्चा बीच मुम्बई इन्डियन्सले कप्तानमा रोहित शर्मालाई हटाएर हार्दिक पाण्ड्यालाई नियुक्त गरिनुले पनि ठूलो चर्चा कमायो । उक्त निर्णयलाई लिएर शर्माका समर्थकले सामाजिक सञ्जालमा ठूलो विरोध समेत गरे।

### आधा शताब्दीपछि च्याम्पियन बन्यो डेनभर नगेट्स

उत्तरी अमेरिकाको द नेशनल बास्केटबल एसोसिएसन (एनबीए)मा पहिलो पटक डेनभर नगेट्स क्लबले उपाधि जितेको छ। डेनभर नगेट्सले यो खुसी ५७ वटा प्रतियोगितापछि प्राप्त गर्न सफल भयो।

### क्रिकेटमा नेपालको चमत्कार

सन् २०२३ नेपाली क्रिकेटका लागि निकै महत्त्वपूर्ण र उपलब्धिपूर्ण रह्यो । आइसिसी मेन्स क्रिकेट वर्ल्ड कप लिगका ३६ खेलमध्ये अन्तिम १२ खेलमा ११ खेल जित्नैपर्ने दबाबमा रहेको नेपाल कसरी जिम्बाब्वेमा सम्पन्न आइसिसी क्रिकेट वर्ल्ड कप क्वालिफायरमा छनोट भयो भन्ने कथा निकै रोचक छ। लगातार खेल हारेर अङ्क तालिकाको पुछारतिर पुगेको नेपालको आशा गुमिसकेको अवस्थाबाट कप्तान रोहित पौडेल र प्रशिक्षक मोन्टी देसाईले नेपाली टोलीलाई जिम्बाब्वेसम्म पुऱ्याउन सफल भए।

प्रतियोगिताको अन्तिम खेलमा युएईले प्रस्तुत गरेको तीन सय ११ रनको विशाल लक्ष्य पछ्याएको नेपालले आसिफ शेख र गुलसन झाको अर्धशतकीय पारीमा डकवर्थ लुइस पद्धतिका आधारमा नौ रनले विजयी हुँदै जिम्बाब्वेको यात्रा तय गर्यो।

गत वर्ष अर्को प्रतियोगितामा नेपालले युएईलाई पराजित गर्दै इतिहासमा दोस्रो पटक एसिया कपका लागि छनोट भई भारत र पाकिस्तान जस्ता ठूला टोलीसँग खेल्ने मौका प्राप्त गऱ्यो। तर वर्षको अन्त्यतिर क्रिकेट टोलीका पूर्वकप्तान सन्दीप लामिछानेलाई जिल्ला अदालत काठमाडौंले बलात्कार मुद्दामा दोषी ठहर गरेपछि भने क्रिकेट समर्थकमा केही निराशा छायो।

### कीर्तिमानले भरिएको नेपालको खेल

चीनको हाङझाउमा जारी १९औं एसियाली खेलकुद, २०२२ अन्तर्गत भएको नेपाल र मङ्गोलियाबीचको टी-२० खेलमा नेपालको पारी कीर्तिमानले भरियो। निर्धारित २० ओभरमा तीन सय १४ रन बनायो। त्यति मात्रै होइन, दुई सय ७३ रनले मङ्गोलियालाई पराजित गऱ्यो। यो पनि नयाँ कीर्तिमान थियो।

सोही खेलमा कुशल मल्लले टी-२० अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा ३४ बलमा शतक प्रहार गर्दै छिटो शतक प्रहार गर्ने खेलाडी बने । मल्ल टी-२० अन्तर्राष्ट्रिय प्रतियोगितामा कम उमेरमा शतक प्रहार गर्ने खेलाडी पनि बने।

मल्लपछि दीपेन्द्र सिंह ऐरीले सबैभन्दा छिटो अर्धशतक प्रहार गर्ने खेलाडी बने। उनले नौ बलमै अर्धशतक पूरा गरे। साथै पाँच सय २० को स्ट्राइक रेटमा रन बनाउने उनी पहिलो खेलाडी पनि बने । ऐरीले पहिलो छ बलमा छ छक्का प्रहार गरेर यसअघि युवराज सिंह, क्रिस गेल र हज्रातुल्ला जाजाईले बनाएको कीर्तिमान बराबरी गरे । साथै नेपालले मङ्गोलियाविरुद्ध प्रहार गरेको २६ वटा छक्का पनि कुनै एउटै पारीमा एउटा टोलीले प्रहार गरेको छक्कामा कीर्तिमान थियो । (विभिन्न अन्तर्राष्ट्रिय सञ्चारमाध्यमको सहयोगमा) रासस

# नरसंहारको आरोपमा संयुक्त राष्ट्रसंघीय अदालतमा उपस्थित हुने

**सिन्ह्वा**

जेरुसेलम। इजरायलले गाजामा नरसंहार गरेको आरोपमा दक्षिण अफ्रिकाले इजरायलका विरुद्ध संयुक्त राष्ट्रसंघीय अदालतमा मुद्दा दायर गरेको छ।

मुद्दाको सुनुवाइमा नेदरल्याण्ड्सको हेग स्थित संयुक्त राष्ट्रसंघको अन्तरराष्ट्रिय अदालत (आईसीजे) मा उपस्थित हुने निर्णय गरेको इजरायली समाचार वेबसाइट थ्लभत ले सोमबार उल्लेख गरेको छ।

इजरायलले नरसंहार विरुद्धको महासन्धिमा हस्ताक्षर गरेको स्वीकार गर्दै इजरायली राष्ट्रिय सुरक्षा सल्लाहकार हानेग्बीले कार्यवाहीको बहिष्कार नगर्ने, तर उपस्थित भई आफू विरुद्धको षड्यन्त्रलाई अस्वीकार गर्ने बताउनु भएको वेबसाइटमा उल्लेख छ।

प्रतिवेदनका अनुसार इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको नेतृत्वमा वरिष्ठ अधिकारी बीचको छलफल अघि नै यो निर्णय लिइएको हो।



शुक्रबार दायर गरिएको मुद्दामा "गाजा स्ट्रिपमा प्यालेस्टिनीको नरसंहारको रोकथाम तथा सजायको महासन्धि अन्तर्गतको दायित्वको इजरायलले उल्लङ्घन गरेको अन्तरराष्ट्रिय अदालत (आईसीजे) ले जनाएको छ।

दक्षिण अफ्रिकाले संयुक्त राष्ट्रसंघीय अदालतलाई "नरसंहार महासन्धि अन्तर्गत प्यालेस्टिनी जनताको अधिकारलाई गम्भीरताका साथ लिई थप क्षतिबाट जोगाउन प्रभावकारी उपाय अवलम्बन गर्न आग्रह गरेको छ।

# अफगानिस्तानको निर्यात करिब २ अर्ब अमेरिकी डलर

**सिन्ह्वा**

काबुल । सन् २०२३ मा युद्धग्रस्त अफगानिस्तानको निर्यात करिब २ अर्ब अमेरिकी डलर पुगेको छ । उद्योग तथा वाणिज्य मन्त्रालयका प्रवक्ता अखुन्दजादा अब्दुल सलाम जवादले दिएको जनाकारी अनुसार गत वर्ष सन् २०२३ मा अफगानिस्तानको निर्यातको मात्रा १.९ अर्ब अमेरिकी डलर पुगेको छ। यसै गरी सन् २०२२ मा निर्यातको मात्राको तुलनामा ४१ मिलियन अमेरिकी डलर (२ प्रतिशतले) वृद्धि भएको निजी टेलिभिजन च्यानल टोलोन्युजले जावादलाई उद्धृत गर्दै मङ्गलबार उल्लेख गरेको छ।

अधिकांश सामान पाकिस्तान, भारत, चीन, संयुक्त अरब इमिरेट्स, कजाकिस्तान र उज्वेकिस्तानमा निर्यात भएको अधिकारीलाई उद्धृत गर्दै सञ्चारमाध्यमले जनाएको छ । यसअघि अफगानिस्तानको कामचलाउ सरकारका उद्योग तथा वाणिज्य मन्त्री नुरुद्दीन अजीजीले अफगानिस्तानले आफ्ना उत्पादन छिमेकी राष्ट्रलगायत ६० भन्दा बढी देशमा निर्यात गर्ने बताउनु भएको थियो।

अफगानिस्तानका प्रमुख निर्यात हुने वस्तुहरूमा कोइला, केसर, ताजा र सुख्खा फलफूल, हातले बुनेको गलैंचा, बहुमूल्य पत्थर धातुहरू रहेका छन्।

# किसान ओखरखेतीतर्फ आकर्षित



**टुडे समाचारदाता**

खलङ्गा । दार्चुला ओखरखेतीका लागि परिचित छ । ओखरखेतीतर्फ आकर्षित भएका यहाँका किसानले व्यावसायिकरुपमै ओखरखेती गर्न थालेका छन् । सरकारले दार्चुलालाई ओखर पकेट क्षेत्र घोषणा गरेपछि यहाँका किसान उक्त खेतीतर्फ थप आकर्षित भएका हुन् । विगतदेखि नै ओखरखेती गर्दै आएका शैल्यशिखर नगरपालिका-६ का विष्णुसिंह धामीले ओखर खेतीलाई थप विस्तार गर्दै आउनु भएको छ । बुवा र बाजेले लगाएका पाँच दस बोटबाट खेती सुरु गर्नुभएका धामीको बारीमा अहिले साना र ठूलो गरेर एक सय ७५ ओखरका बोट छन् ।

हाल उनको बारीमा भएका ६५ बोटले उत्पादन दिइरहेका र बारीबाटै बेर्ना समेत बिक्री हुँदै आएको छ । धमीले भने,"बेर्ना कम उत्पादन भयो एक हजार बेर्नाको अर्डर थियो आवश्यकभन्दा कम बेर्ना उत्पादन भए । बेर्ना बनाएर बोट उमार्न निकै कठिन हुने उनको भनाइ थियो । धामीले आफ्नो उत्पादन दार्चुलाको गोकुलेश्वर, डडेलधुराको स्याउलेदेखि धनगढी महेन्द्रनगरसम्म निर्यात गर्दै आएका छन् । यहाँ उत्पादन भएका र गाउँघरबाट पनि उत्पादित ओखर सङ्कलन गरेर पनि बजारसम्म पुऱ्याउने काम पनि गर्दै आएका धामीले आफ्नो मात्रै ओखर बेचेर वार्षिक रु दुई लाखसम्म आम्दानी हुनेगरेको बताए ।

ओखर खेतीले पछिल्लो समय राम्रो बजार लिइरहे पनि स्थानीय सरकारले यसका लागि कुनैपनि पहल नगरेको अर्का किसान शिवसिंह धामीले बताए । उक्त वडामा मात्र बर्सेनि रु २५लाखदेखि ३० लाखभन्दा माथिको ओखर बाहिर निर्यात हुने गरेको छ भने मालिकार्जुन गाउँपालिकाको केही भू-भागमा पनि ओखर निक्कै फल्ने गर्दछ ।

सरकारले ओखरखेतीमा केही सहयोग गरे आफूहरु झन आकर्षित हुने सम्बद्ध किसानको भनाइ थियो । सरकारले विसं २०७८देखि दार्चुलालाई ओखर पकेटक्षेत्रका रुपमासमेत घोषणा गरेपछि धामीसहित यहाँका किसान ओखर खेतीतर्फ थप आकर्षित भएका हुन् । ओखरको बेर्ना सार्न माघ महिनामा उत्तम हुने कृषि ज्ञानकेन्द्रका कृषि अधिकृत शिशिर आचार्यले बताए ।

दार्चुलामा एक सय ७५ हेक्टर जमिनमा ओखरखेती गरिए पनि हाल एक सय ५० हेक्टर जमिनमा उत्पादन भइरहेको उनको भनाइ थियो। यस वर्षमा जिल्लामा एक हजार पाँच सय ५५ मेट्रिकटन ओखर उत्पादन भएको थियो ।

# नेप्से परिसूचकमा ३० अङ्कको गिरावट

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अङ्कको गिरावट देखिएको छ ।

मंगलबार नेप्से परिसूचक ३० दशमलव ०५ अङ्कले घटेर दुई हजार ३० दशमलव १० को बिन्दुमा कायम भएको हो ।

मंगलबार तीन सय पाँच कम्पनीको एक करोड ११ लाख ८५ हजार सात सय १२ कित्ता शेयर ८५ हजार चार सय ३५ पटक खरिद-बिक्री हुँदा रू चार अर्ब चार करोड ४६ लाख ५९ हजार नौ सय २२ बराबरको कारोबार भएको छ ।

सबै समूहका उपसूचक रातो देखिएका छन् । सबैभन्दा धेरै होटल तथा पर्यटन समूह तीन दशमलव २१ र जीवन बीमा समूह दुई दशमलव ९९ प्रतिशतले घटेका छन् । चिर्खुवा हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ, भने हिमालयन हाइड्रोपावरको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रू १६ करोड ११ लाख सात हजार नौ सय ५६ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेडको चार लाख १७ हजार ८८ कित्ता शेयर किनबेच भएको छ ।

# उखु पेल्ने कोल विस्थापित हुँदै



**टुडे समाचारदाता**

बेदकोट । कञ्चनपुरको दोधारा चाँदनी नगरपालिका-५ देवीस्थानका भगिरथ भट्टले उखुखेती गर्न थालेको तीन दशक बढी समय बित्यो । सुरुआतमा उखु बिक्रीका लागि उहाँ महाकाली नदी तरेर सुडाको चिनी मिलमा ल्याउथ्यो । महाकालीमा पक्की पुल थिएन । गाडी चल्न गाह्रो हुनाले उनले उखु महाकाली पार गर्न भारतीय बाटोको प्रयोग गर्नुपर्थ्यो ।

भारतीय बाटो हुँदै शारदा ब्यारेज नभए महाकाली नदीबाटै जोखिम मोलेर उखु बिक्रीका लागि लैजानुपर्ने सास्ती थियो । दोधारा चाँदनीका स्थानीय किसानको बाध्यता यस्तै थियो । विसं २०४८ सालमा उनले दोधारा चाँदनीमा उखु पेल्ने परम्परागत कोल सञ्चालन गरेका थिए । "उखु बिक्रीका लागि मिलसम्म लैजान सास्ती हुन्थ्यो । मिलले पनि समयमै पैसा दिन्थेन", उनले भने, "आफ्नै उखुको पैसा उठाउन पटक-पटक धाउनुपर्थ्यो । यसपछि आफैले उखु पेल्ने कोल सञ्चालनमा ल्याए ।"

अहिले पनि उनले उखु पेल्ने परम्परागत कोललाई निरन्तरता दिनुभएको छ । दोधारा चाँदनीमा उखु पेल्ने साना उद्योग विस्थापित हुँदै गएको उनी बताउछन् । विगतदेखि सञ्चालनमा रहेका कोल बन्द गरेर स्थानीय व्यापारी पलायन हुँदै गएका छन् । "मैलैं सञ्चालन गर्दा यहाँ ११ कोल चलिरहेका थिए । अहिले छ मात्रै छन्", उनले भने, "यो व्यवसायबाट जीवन चलाउनै समस्या भएपछि व्यापारी पलायन भएका छन् ।"

उनका अनुसार दोधारा चार र चाँदनी दुई परम्परागत उखु पेल्ने कोल सञ्चालनमा छन् । बजार र कामदार अभावका साथै उखु नपाउँदा परम्परागत कोलको व्यवसाय विस्थापित हुँदै गएको हो । उहाँ पनि यस वर्ष उखु पेल्ने कोल सञ्चालन नगर्ने मनस्थितिमा थिए ।

"भारतीय सामान बजारमा छ्यापछ्याप्ती हुँदा हाम्रो उत्पादनले बजार पाउँदैन । आम्दानी पनि नभएकाले कोल छोड्ने विचार गरेको थिएँ", उनले भने, "आफ्नै उखु पेल्न पनि चलाउनु पऱ्यो भनेर जमिन बेचेर पनि जेनतेन कोल चलाएँ ।"किसानबाट उनले उखु प्रतिक्विन्टल रु चार सय ५० देखि रु पाँच सयका दरले खरिद गर्ने गर्नुभएको छ । उखु पेलेर त्यसबाट आउने रसलाई पकाएर उत्पादन गरिने गुड बिक्री गर्ने गरेको उनले बताए ।

"सुरुआतमा राम्रै आम्दानी हुन्थ्यो । अहिले लगानी उठाउनै पनि हम्मेहम्मे पर्छ", उनले भने, "महेन्द्रनगरदेखि पहाडी भेगसम्म गुड बिक्रीका लागि जान्थ्यो । अहिले मोल नै पाउँदैनौं ।"भगिरथको उखु पेल्ने उद्योगमा सातजना भारतीय कामदार कार्यरत छन् । पछिल्लो समय कोलमा काम गर्ने कारिगढ पाउनै मुस्किलपर्ने गरेको उनले बताए ।

बस्ती विस्तारले गर्दा खेतीयोग्य जमिन घट्दै गएकाले विगतको तुलनामा उखुखेती पनि कम हुने गरेको छ । महाकालीमा पक्की पुल निर्माणसँगै दोधारा चाँदनीका स्थानीय किसान उखु बिक्रीका लागि चिनी मिलसम्म पुऱ्याउने गरेका छन् । "पक्की पुल बनेपछि धेरैजसो किसान चिनी मिललाई नै उखु बिक्री गर्छन् । गाडीमा राखेर सहजै पारी लैजान सकिन्छ", दोधारा चाँदनी नगरपालिका-५ का उखु किसान पदमसिंह भण्डारीले भने, "उखु खेती गर्ने किसान पनि विगतको भन्दा कम छन् ।"

उनले दुई दशकदेखि उखुखेती गर्दै आएका छन् । उनले एक बिघा क्षेत्रमा उखुखेती गर्नुभएको छ । उखु खेतीबाट वार्षिक एक लाख आम्दानी हुने गरेको उनले बताए । "उखु खेतीमा आम्दानी राम्रै छ । त्यही पनि पछिल्लो समय उखुखेती गर्ने क्षेत्रफल घटिरहेको देखिन्छ", उनले भने, "पहिले एकै किसानले बिघामा खेती गर्थे । बस्ती विस्तार हुँदै गएपछि अहिले दुई/तीन कठ्ठा क्षेत्रफलमा सीमित भएको छ ।"

# मौरीपालन व्यवसायमा उत्साह बढ्दै

**टुडे समाचारदाता**

घोराही ।
घोराही उपमहानगरपालिका-१३ तुरुन्तपुरका दीपकुमार मगर मौरीपालन व्यवसायमा छन् । विगत २३ वर्षदेखि उनको दैनिकी मौरीको हेरचाहमै बित्ने गरेको छ । मौरीले राम्रै आम्दानी दिँदै आएकाले मौरीपालन व्यवसायमा उत्साह बढ्दै गएको ५९ वर्षीय मगरले बताए ।

व्यावसायिक रुपमा मौरीपालन गर्न थालेको दुई दशक बढी भयो । उनले भने, "लामो समय भइसक्यो मौरीपालन गर्न थालेको आम्दानी पनि राम्रो भइरहेको छ । यसमा घरपरिवारको पनि सहयोग रहेको छ ।" मौरीपालन पूर्वाधार सामग्री उत्पादनमार्फत व्यवसायका लागि आवश्यक सामग्री उत्पादन गरी छिमेकी जिल्ला रोल्पा, सल्यान, प्यूठानलगायत जिल्लामा समेत आधुनिक सामग्री पठाउने गर्छन् ।

मगरको मौरी फार्म दुई सय घार क्षमताको भए पनि हाल ४५ मौरी छन् । उहाँले वर्षमा ३५ क्विन्टल मह उत्पादन हुँदै आएको बताए । "परिवारको सहयोग छ, रोल्पा हुँदा मौरीपालन तालिम लिएपछि व्यावसायिक मौरीपालनमा लागेको हुँ, अहिले उत्पादन भएको मह केही बिक्रीका लागि जिल्लाका बजार र अन्यत्र जान्छ, धेरैजसोले घरमै आएर पनि लैजान्छन्", किसान मगरले भने, "मौरीपालनमा चोखो आम्दानी छ, त्यसैले विगत लामो समयदेखि यसैलाई निरन्तरता दिँदै आएको छु ।"

अहिले उनको फार्ममा युरोपेली, इटाली, मेरीफेरा, सेरेना जातका मौरीका घार छन् । परिश्रम र मेहनत गर्ने हो भने गाउँमै बसेर पनि राम्रो आम्दानी गर्न सकिने उनको भनाइ छ । गत वर्ष माग बढेकाले रु छ सय प्रतिकिलो बिक्री गर्ने गरेको र यो वर्ष भने खुद्रामा रु पाँच सय प्रतिकिलो मह बिक्री गर्दै आएको उनी बताउछन् । थोक बिक्रीका लागि भने जिल्ला मौरीपालन व्यवसायी सङ्घको निणर्यअनुसार मूल्य निर्धारण गरिने उनले बताए ।

मौरीपालन व्यवसायबाट उनले वार्षिक रु १० लाख आम्दानी गर्न सफल भएको छ । दुई/तीन वर्ष वैदेशिक रोजगारमा रहँदासमेत मगरले विदेशमा मौरीपालन गरेको देखि प्रभावित भएर नेपाल आएपछि व्यवसाय थालेको बताउनुभयो । २०५७ सालमा सुरु गर्दा जिल्लामा व्यावसायिक रुपमा मौरीपालन गर्ने किसानको संख्या १७ रहेको उनी स्मरण गर्छन् ।

वर्षा र अत्यधिक चिसो हुने समय ख्याल गर्ने हो भने मौरीपालनबाट राम्रो प्रतिफल लिन सकिने भन्दै उनले मह उत्पादन र घार वृद्धि पनि सँगसँगै बढाउँदै लगेको उनले बताए ।

# सिगानाको सुन्तला छ्यापछ्याप्ती

**टुडे समाचारदाता**

गलकोट । बागलुङको धेरै सुन्तला उत्पादन हुने सिगाना, बिहुँ लगायत स्थानका सुन्तला बजार पठाउन किसानलाई चटारो छ । यसपटक बागलुङमा उत्पादन भएको सुन्तलाको ६० प्रतिशत बिक्री भइरहेको छ ।

यस वर्ष सिगानामा राम्रो सुन्तला फलेपनि समग्र जिल्लाको तथ्याङ्क हेर्दा सुन्तला उत्पादनमा ६५ मेट्रिक टन गिरावट आएको छ । औँसे किराका कारण सुन्तला कम फलेको कृषि ज्ञान केन्द्र बागलुङले जनाएको छ ।

सिगानाका बमबहादुर खड्काले यस वर्ष रु. चार लाखको सुन्तला बिक्री गर्नुभयो । उहाँ मात्र हैन रामप्रसाद गौतम, राधा खड्का, टोपबहादुर खत्री र शिवकुमार खड्का लगायतको सुन्तला चितवन, धादिङ, काठमाडौं, पोखरा र नारायणगढमा पुगेको छ ।

धादिङ, काठमाडौं, पोखरा र नारायणगढका सुन्तला व्यापारी अहिले किसानसँग सुन्तलाको मोलमोलाई गर्न व्यस्त छन् । सिगानाका शिक्षक शिवकुमार खड्काले यस वर्ष रु. एक लाख ५० को सुन्तला बिक्री गरेको बताउँदै सिगानामा एक लाखदेखि पाँच लाखसम्म सुन्तला बिक्री गर्ने किसान तीन दर्जन रहेको जानकारी दिए ।

"शिक्षण पेशा भएकाले धेरै ठूलो सुन्तला बगान छैन तर सिगानाको बेसीबाट बास्बोटसम्ममा अधिकांश किसानको सुन्तला आम्दानीको मुख्य स्रोत हो" खड्काले भने "सिगानको समग्रमा एक लाखदेखि पाँच लाख सम्म सुन्तला बिक्री गर्ने किसान ४० जना होलान्, अन्य किसानले समेत ५० देखि एक लाख सम्मको सुन्तला बिक्री गरेकै हुन्छन् ।"

सिगानाका रामप्रसाद गौतम, अनन्तबहादुर खड्काले सुन्तला बिक्रीबाट पाँच/पाँच लाख भित्राएका छन् । खड्काका अनुसार श्री गणेश कृषि सहकारीले सुन्तला उत्पादन तथा बिक्रीको तथ्याङ्क राखेको बताए ।

सिगानाको सुन्तला फागुनमा बिक्री गर्ने गरी कोल्ड स्टोरमा समेत राख्ने तयारी भइरहेको छ । कृषि सहकारीको कोल्ड स्टोरमा राखिएको सुन्तला फागुन चैतमा दोब्बर बढी मूल्यमा बिक्री हुने गर्दछ ।

"सुरु-सुरुमा वडाले तथ्याङ्क राख्ने गरेको थियो, अहिले वडाले ध्यान नदिँदा सहकारी मार्फत सुन्तला उत्पादन र बिक्रीको विवरण राख्न थालिएको छ, यस वर्ष रु तीन करोड ५० लाखसम्मको सुन्तला सिगानाबाट निकासी हुने लक्ष्य राखिएको छ, ५० प्रतिशत सुन्तला बोटमै रहेका छन्" उनले भने "सहकारीमार्फत सुन्तला बजारीकरणमा सहयोग गरिएको छ, पोखरासम्म पुग्ने सिगानाको सुन्तलाको माग बढ्दै धादिङ, काठमाडौं, नारायणगढसम्मका व्यापारीहरु सिगाना आएर बोटबाटै सुन्तला खरिद गरेको पाइएको छ ।

यस वर्ष सिगानाका राधा खड्काले रु.चार लाख, टोपबहादुर खत्री साढे तीन लाखमा बगैंचामै व्यापारीलाई दिएका छन् । सिगानाको रामबहादुर खड्का र टोपबहादुर खड्का लगायतको ठूलो सुन्तलाको बगैचा अझै बिक्री गर्न बाँकी छ ।


## धनौजी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### धनौजी, धनुषा
### मधेश प्रदेश, नेपाल

## निशुल्क औषधि तथा सर्जिकल सामानहरू आपूर्ति सम्बन्धी विद्युतीय बोलपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशन मिति :- २०८०/०९/१८ गते)**

यस कार्यालयको चालु आ.व. ०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस धनौजी गाउँपालिका अन्तर्गतका संस्थाहरुकालागि तपसिलमा उल्लेखित निःशुल्क औषधि तथा सर्जिकल सामानहरु विद्युतीय बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रितपूर्वकका विद्युतीय बोलपत्र आह्वान गरिन्छ ।

१) विद्युतीय बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औ दिनसम्म तोकिए वमोजिमको विद्युतीय बोलपत्र दस्तुर रु.३०००।- (पछि फिर्ता नहुने) धनौजी गाउँपालिका, धनौजी, धनुषा स्थित नबिल बैंकमा रहेको आन्तरिक राजश्व खाता नं.२२३०१०१७५०००३५ मा दाखिला गरेको भौचर, चालु आ.व.को लागि नविकरण भएको फर्म/संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, व्यवसायी दर्ताको इजाजतपत्र, मु.अ.क. दर्ताको प्रमाणपत्र, स्थायी लेखा नं. प्रमाण पत्र र आ.व. २०७९।०८० को कर चुक्ता गरेको प्रमाणपत्रहरुको प्रतिलिपी वा कर समायोजन पत्र संलग्न राखी सम्बन्धित आपूर्तिकर्ता वा निजको अधिकार प्राप्त प्रतिनिधिले विद्युतीय बोलपत्र खरिद प्रकृयामा भाग लिन सक्नेछ । अधिकार प्राप्त प्रतिनिधि मार्फत विद्युतीय बोलपत्र प्रकृयामा भाग लिन अनिवार्य रुपमाअधिकार पत्र पेश गर्नुपर्नेछ ।

२) विद्युतीय बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे सम्म विद्युतीय बोलपत्रहरु यस कार्यालयमा विद्युतीय बोलपत्रको माध्यमबाट दर्ता गर्न सक्नेछ । दर्ता भएको विद्युतीय बोलपत्रहरु सोही दिन दिनको २:०० बजे विद्युतीय बोलपत्रदाता वा निजका प्रतिनिधिको रोहवारमा यसै कार्यालयमा खोलिने छ । तर विद्युतीय बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि विद्युतीय बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३) विद्युतीय बोलपत्रको मान्य अवधि विद्युतीय बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट ९० दिन हुनेछ । विद्युतीय बोलपत्रदाताले विद्युतीय बोलपत्र साथ तोकिए वमोजिमको रकममा नघटाई धनौजी गाउँपालिकाको कार्यालयको नाममा रहेको धनौजी गाउँपालिका, धनौजी, धनुषा स्थित नबिल बैंकमा रहेको धरौटी खाता नं. २२३०१०१७५०००२५ मा नगदै जम्मा गरेको सक्कलै बैंक भाउचर वा नेपाल सरकारबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको र विद्युतीय बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट विद्युतीय बोलपत्रको हकमा कम्तिमा १२० दिन मान्य अवधि भएको विद्युतीय बोलपत्र जमानत बीड बण्ड पेश गर्नुपर्नेछ । विद्युतीय बोलपत्र पुस्तिका बीड बण्ड फाराम अनुसार भर्नुपर्ने हुन्छ । अन्यथा मान्य हुने छैन ।

४) विद्युतीय बोलपत्र शर्तसहित केर मेट नभएको, कार्यालयले उपलब्ध गराएको परिमाणको मूल्य पत्र लगायतको विद्युतीय बोलपत्र कागजातहरुमा कुनै थपघट वा द्रष्टव्य नलेखिएको वा विद्युतीय बोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिले रितपूर्वक सहिछाप गरेको हुनुपर्नेछ ।

५) विद्युतीय बोलपत्रदताले परिमाणको मूल्यपत्र (BOQ) मा मूल्य अभिवृद्धि कर बाहेक तिर्नुपर्ने सबै कर र अन्य शुल्कहरु समावेश गरी अंक र अक्षर दुबैमा स्पष्ट संग आइटेम वाइज दररेट उल्लेख गर्नुपर्नेछ । अंक अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइनेछ । केरमेट भएमा ठाउँमा विद्युतीय बोलपत्रदाताले सहिछाप गरेको हुनुपर्नेछ ।

६) विद्युतीय बोलपत्र खरिद गर्ने अन्तिम मिति सार्वजनिक विदा परेमा विदा पछि लगतै कार्यालय खुलेको दिनमा खरिद गर्न र सोको भोलिपल्ट १२:०० बजे भित्र दर्ता गर्न सक्नेछ । त्यस्तै दर्ता गर्ने अन्तिम दिन विदा परेमा विदा पछि लगतै कार्यालय खुलेको दिनको १२:०० भित्र दर्ता गर्न सकिनेछ ।

७) विद्युतीय बोलपत्र सम्बन्धी कागाजतहरु भाषागत समेत त्रुटी भएमा वा विषय र प्रसंगले अन्यथा अर्थ लागेमा यस कार्यालयलाई कुनै पनि बेला सो सच्चयाउन बाधा पर्ने छैन । नेपाल सरकार र स्थानीय निकायका हितलाई ध्यानमा राखी विद्युतीय बोलपत्र स्वीकृत गर्ने वा नगर्ने आंशिक रुपमा स्वीकृत गर्ने वा ठेक्का रद्द गर्ते सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८) स्वीकृत विद्युतीय बोलपत्रदाताले मूल्य अंकित औषधिमा बढि दररेट राख्न पाउने छैन । स्वीकृत बोलपत्र अनुसारको सामान एकमुष्ठ वा आवश्यकता अनुसार फरक फरक अर्डर दिई खरिद गरिनेछ । साथै सप्लाई गरिने औषधि तथा औषधि जन्य सामाग्रीको म्याद कार्यालयमा दाखिला गर्न ल्याउँदा कम्तिमा १८ महिनाको बाँकी भएको हुनु पर्नेछ । औषधिको म्याद १८ महिना भन्दा कम हुने औषधिको हकमा Expiry date को ७५ प्रतिशत म्याद बाँकी हुँदा दाखिला गर्न सक्नेछ ।

९) आपूर्ति हुने औषधिहरु WHO GMP Certified Company बाट उत्पादित भएको हुनुपर्नेछ । नेपालमा उत्पादित बाहेकका कम्पनीबाट उत्पादित औषधि आपूर्ति गर्नुपर्ने भएमा उक्त कम्पनीहरुको WHO/GMP सर्टिफिकेट अनिवार्य रुपमा विद्युतीय बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

१०) सप्लाई हुने औषधिको प्रत्येक प्याकिंगको बाहिर उत्पादन मिति, Expiry date, व्याच नम्बर तथा Supply for Ministry of Health and Population Nepal वा "नेपाल सरकारबाट निःशुल्क वितरणको लागि" भनी स्पष्ट रुपमा उल्लेख भएको हुनु पर्नेछ ।

११) बजेटको स्थिति अनुसार खरिद गरिने औषधिहरुको परिमाण थपघट गर्ने, कुनै कारण देखाई वा नदेखाई, पूर्ण वा आंशिक रुपमा प्राप्त विद्युतीय बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२) एक फर्मको नाममा खरिद भएको विद्युतीय बोलपत्र अर्को फर्मको नामबाट दाखिला गर्न पाइने छैन । यस सूचनामा उल्लेखित विद्युतीय बोलपत्रहरु सम्बन्धि थप जानकारीको लागि कार्यालय समयमा यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

१३) यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून अनुसार हुनेछ । विद्युतीय बोलपत्र सम्बन्धी अन्य शर्तहरु विद्युतीय बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

१४) बजेट व्यवस्था तथा कार्यक्रम स्वीकृत नभएको अवस्थामा ठेक्का रद्द हुनेछ ।

१५) यस सूचनाका सबै ठेक्काहरुको व्यवस्थापन र मूल्यांकन सार्वजनिक खरिद ऐन २०६३ (संशोधित), सार्वजनिक खरिद नियमावली २०६४(संशोधित) तथा अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | ल.ई. रकम (भ्याट समेत) | धरौटी रकम |
|---|---|---|---|---|
| १. | DRM/NCB/GOODS/ 02-2080/081 | बोलपत्र फारममा उल्लेख भए बमोजिमका औषधि तथा सर्जिकल सामानहरु | रु.३६,५०,३४१।- | रु.९५,०००।- |

**प्रमुख प्रशासकीय अधिकृत**

